# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **सोमनाथ सिग्द्यालसम्बन्धी अध्ययन परम्परा** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तहको दोस्रो वर्षको दसौँ पत्रको आवश्यकता पूरा गर्नु रहेको छ ।

## १.३ विषयपरिचय

सोमनाथ सिग्द्याल (वि. सं. १९४१-२०२९) नेपाली साहित्यका क्षेत्रमा एक विशिष्ट प्रतिभा हुन् । उनले नेपाली भाषा, कविता र समालोचनाका क्षेत्रमा कलम चलाएका छन् । सिग्द्याल नेपाली कविताका क्षेत्रमा माध्यमिक कालका शृङ्गारिक धारालाई अँगाल्ने एक विशिष्ट साहित्यिक प्रतिभा हुन् र उनले आफ्नो साहित्यिक यात्रा संस्कृत कविताबाट सुरु गरेका हुन् । संस्कृत तथा नेपाली भाषासाहित्यका विद्वान् सोमनाथले महाकाव्य फुटकर कविता, लक्षणग्रन्थ, नीतिग्रन्थ, व्याकरण रचना, दार्शनिक लेख एवम् आदश पुष्पाञ्जली र तुलसीकृत **रामायण**को नेपाली अनुवाद जस्ता थुप्रै कृतिको रचना गरेका छन् ।

नेपाली तथा संस्कृत साहित्यमा विभिन्न कृतिहरू रचना गरी विशिष्ट योगदान पुऱ्याएका सोमनाथका बारेमा विभिन्न विद्वान् तथा अनुसन्धानबाट खोज तथा अध्ययन हुँदै आएको पाइन्छ । प्रस्तुत शोधपत्रमा सिग्द्यालका बारेमा लेखिएका तिनै विभिन्न लेखरचनाहरूका विवरण र उनका बारेमा शोधकार्य गरिएका अध्ययनहरूको विवेचना

गरिएको छ । यस शोधपत्रमा वि. सं. २०१५ देखि हालसम्मका सिग्द्यालसम्बन्धी सम्पूर्ण अध्ययनहरूको विवरण प्रस्तुत गरिएको छ ।

## १.४ समस्याकथन

प्रस्तुत शोधपत्र निम्नलिखित समस्याहरूको प्राज्ञिक समाधानमा केन्द्रित रहेको छ :

(क) सोमनाथ सिग्द्यालको जीवनीवृत्त केकस्तो छ ?

(ख) सोमनाथ सिग्द्यालसम्बन्धी अध्ययन परम्परा केकस्तो रहेको छ ?

(ग) सिग्द्यालसम्बन्धी पुस्तकाकार कृति, समालोचनात्मक लेख एवम् अनुसन्धान कार्य कसरी अगाडि बढेको छ ?

## १.५ शोधको उद्देश्य

प्रस्तुत शोधपत्र निम्नलिखित उद्देश्यहरूको प्राप्तितर्फ उन्मुख रहेको छ :

(क) साहित्यकार सोमनाथ सिग्द्यालको सङ्क्षिप्त परिचय प्रस्तुत गर्नु,

(ख) सोमनाथ सिग्द्यालसम्बन्धी अध्ययन-अनुसन्धानको परम्परा पहिल्याउनु,

(ग) सिग्द्यालसम्बन्धी पुस्तकाकार कृति, शोधपत्र तथा समालोचनात्मक लेखका रूपमा गरिएका अध्ययनहरूको विवरण र विवेचना प्रस्तुत गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

सोमनाथ सिग्द्यालसम्बन्धी अध्ययन व्यक्तिगत तथा संस्थागत रूपमा हुँदै आएका छन् । सिग्द्यालसम्बन्धी अध्ययनहरू खास गरी उनका कविताकाव्य, समालोचना, व्याकरण र भाषाका क्षेत्रमा केन्द्रित रहेका छन् तर सोमनाथ सिग्द्यालसम्बन्धी अध्ययन परम्परा शीर्षकमा हालसम्म कुनै पनि अध्ययन भएको छैन । त्यसले यस शोधपत्रमा पूर्वाध्ययनको सर्वेक्षण समीक्षाका रूपमा कुनै अध्ययनहरूको चर्चा गरिएको छैन । यही

शोधपत्र नै सोमनाथ सिग्द्यालको अध्ययन परम्पराका बारेमा गरिएको पहिलो अध्ययन हो ।

## १.७ शोधकार्यको औचित्य

सोमनाथ सिग्द्यालसम्बन्धी विविध खोज, अनुसन्धान, सर्वेक्षण र विवेचनाहरू भएका छन् । ती अनुसन्धान कार्यहरू जताततै छरिएर रहेका छन् । यिनै छरिएर रहेका सिग्द्यालसम्बन्धी सामग्रीहरूलाई एकत्रित गरी प्रस्तुत गरिएको यस शोधकार्यको औचित्य र महत्त्व छ र यसबाट सोमनाथसम्बन्धी अध्ययन परम्पराका बारेमा जान्न इच्छुक शोधार्थी जिज्ञासुहरूलाई जानकारी प्राप्त हुनेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

सोमनाथ सिग्द्यालसम्बन्धी अध्ययन परम्परा शीर्षकको प्रस्तुत शोधपत्रमा सिग्द्यालसम्बन्धी पत्रपत्रिकामा प्रकाशित समालोचनात्मक लेख, पुस्तकाकार कृति र शोधपत्रमा प्रकाशित लेख र कृतिहरू मात्र प्रस्तुत गरिएको छ । यस शोधकार्यमा नेपालमा पाइएका सामग्रीहरूलाई मात्र समावेश गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रमा सामग्री सङ्कलन गर्ने पद्धतिअन्तर्गत पुस्तकालीय पद्धतिको प्रयोग गरिएको छ भने सङ्कलित सामग्रीको विश्लेषण र विवेचना गर्ने ढाँचा ऐतिहासिक र विवरणात्मक रहेको छ ।

## १.१० शोधपत्रको रूपरेखा

शोधपत्रलाई सङ्गठित एवम् व्यवस्थित गर्नका लागि यसलाई निम्न बमोजिम सङ्गठित गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : सोमनाथ सिग्द्यालको सङ्क्षिप्त जीवनी, व्यक्तित्व र कृतित्व

तेस्रो परिच्छेद : सोमनाथ सिग्द्यालसम्बन्धी लेखका स्तरमा पत्रपत्रिकामा प्रकाशित अध्ययनहरूको सर्वेक्षण र विवेचना

चौथो परिच्छेद : सोमनाथ सिग्द्यालसम्बन्धी पुस्तकाकार कृतिका रूपमा गरिएको अध्ययनहरूको सर्वेक्षण र विवेचना

पाँचौँ परिच्छेद : सोमनाथ सिग्द्यालसम्बन्धी शोध अध्ययनहरूको सर्वेक्षण र विवेचना ।

छैटौँ परिच्छेद : निष्कर्ष

# दोस्रो परिच्छेद

# सोमनाथ सिग्द्यालको जीवनवृत्त

## २.१ जन्म र जन्मस्थान

सोमनाथ सिग्द्यालको जन्म काठमाडौँस्थित झोछेँ टोलमा वि. सं. १९४१ आश्विन शुक्ल चतुर्दशीका दिन भएको हो ।[१] सोमनाथका पिता जगन्नाथ सिग्द्याल वेदान्तका विद्वान्[२]का अतिरिक्त वेद, धर्मशास्त्र, ज्योतिष र व्याकरणका पनि राम्रा ज्ञाता हुनाका साथै त्यसबेलाको संस्कृत प्रधान पाठशाला (काठमाडौँ) का प्रसिद्ध अध्यापक पनि थिए ।[३] सोमनाथकी आमाको नाम चाहिँ लक्ष्मी हो । अतः आनुवंशिक रूपमा र घरेलु परिवेशका दृष्टिले पनि जगन्नाथको यस पाण्डित्यले सोमनाथ सिग्द्यालको व्यक्तित्वका विकासमा ठूलो भूमिका खेलेको अनुभव हुन्छ ।

सोमनाथ पहिलो विवाह तेह्र वर्षको उमेरमा गिरिजासँग भएको र धेरै कालसम्म सन्तान नहुँदा तीस वर्षको भएपछि यिनले दोलकुमारीसँग दोस्रो बिहे गरेको जानकारी भेटिन्छ । दोस्रो बिहेपछि पहिलो पत्नीबाटै दुइटी छोरी र एउटा छोरो पनि जन्मिएकोमा छोरो चाहिँ दुई वर्षको उमेरमै बितेको र गिरिजाबाटै जन्मेकी एउटी छोरी पनि दिवङ्गत भएबाट चालीस वर्षमा सोमनाथले वि. सं. १९८१ मा तेस्रो विवाह ललितादेवीसँग गरेको देखिन्छ । वि. सं. १९९७ सालको माघ महिनामा सोमनाथकी जेठी पत्नी गिरिजाको देहावसान भयो । दोस्री र तेस्री दुवै पत्नी चाहिँ निःसन्तान नै रहेकाले र बाँकी रहेकी एक मात्र सन्तान छोरी शान्ति पनि बालखैमा विधवा भएकीले सोमनाथको सन्तान परम्परा पुरै टुट्न गएको पाइन्छ । सोमनाथ सिग्द्यालको पारिवारिक जीवनमा सन्तानलाई हुर्काउने र तिनको भरणपोषणको झन्झट त्यति नहुनाको फलस्वरूप उनी विद्वत्ताको आर्जन र लेखनमा तन्मय हुन सकेको प्रतीत हुन्छ ।

---

[१] नयराज पन्त, 'विद्वत्पूजा', सङ्ख्या -२, **पूर्णिमा,** (वर्ष ७, अङ्क ४, पूर्णाङ्क २८), पृ. २०२ ।

[२] ऐजन ।

[३] राममणि रिसाल, **नेपाली काव्य र कवि,** (काठमाडौँ : साझा प्रकाशन, २०३१), पृ. ४४ ।

सोमनाथ जे थिए त्यसका आधारभूत कारणका रूपमा उनको उपर्युक्त पारिवारिक स्थितिको ठूलो भूमिका रहेको र उनको **आदर्शराघव**मा दशरथको मार्मिक वर्णन गर्दै संसार पुत्र-मुख बिना अँध्यारोको अनुभूतिमा परिणत भएकाले **प्रतिसंस्कृतासिद्धान्तकौमुदी**मा आफ्ना रचनालाई नै सन्तति परम्परा कायम राख्ने मूल कारण सोमनाथको अपुत्रता रहेको छ ।

## २.२ शिक्षादीक्षा

सोमनाथको अध्ययन कार्यको प्रारम्भ आफ्ना पिताबाट घरमै भएको देखिन्छ । रानीपोखरी संस्कृत प्रधान पाठशालामा प्रवेश गरेपछि पनि उनले आफ्नै पिता पं. जगन्नाथ सिग्द्यालका साथै अन्य गुरुहरू पं. विष्णुहरि रिमाल र पं. गुरुदत्त गोतामेसँग पढेका हुन् ।[४]

संस्कृत प्रधान पाठशालाबाट व्याकरण-मध्यमाको अध्ययन पूर्ण भए तापनि त्यसै वर्ष काशी जाने अनुकूल नमिलेकाले सोमनाथ एक वर्षसम्म काठमाडौँमा नै रहेको र मैथिली विद्वान् सहदेवसँग उनले न्याय मध्यमाका लागि आवश्यक ग्रन्थहरूको् अध्ययन गरेको जानकारी पाइन्छ । सिग्द्यालले वि. सं. १९५६ मा उनी काशीबाट दर्शनमा मध्यमाको परीक्षामा उत्तीर्ण गरेको र उच्च अध्ययनका लागि काशी नै रहेको देखिन्छ । यही क्रममा प्रसिद्ध बङ्गाली विद्वान् कैलाशचन्द्र शिरोमणिसँग न्याय, सुब्रहाण्य शास्त्रीसँग वेदान्त र दक्षिणात्य विद्वान् गङ्गाधर शास्त्रीसँग साहित्य आदि विषयको विशेष अध्ययन गर्दै[५] सोमनाथले बनारस क्विन्स कलेजबाट न्याय वैशेषिकमा उपाध्याय उपाधि[६] र कलकत्ता काव्यतीर्थ परीक्षामा विशिष्ट श्रेणी प्राप्त गरेको जानकारी भेटिन्छ ।[७] सम्बत् १९६४ तिर सोमनाथ काठमाडौं फर्केको र यसै बखतदेखि उनको विद्यार्थी जीवन टुङ्गिएको हो । त्यसबेलाका वाराणसीका कतिपय सुप्रसिद्ध विद्वान्सँग

---

[४] नयराज पन्त, पूर्ववत्, पृ. २०३ ।

[५] ऐजन ।

[६] रामचन्द्र पौडेल, 'पण्डितराज श्री सोमनाथको सिग्देलज्यूको संक्षिप्त जीवनी', **मर्यादा** (वर्ष २, अङ्क २, २०२०), पृ. ६२ ।

[७] राममणि रिसाल, पूर्ववत्, पृ. ४४ ।

पढी विशेषतः न्याय, वैशेषिकका क्षेत्रमा विशिष्ट विद्वान्का रूपमा सोमनाथ काठमाडौँ फर्कनु तात्कालिक नेपालको संस्कृत विद्याको पुनरूत्थानका सन्दर्भमा अत्यन्त महत्त्वपूर्ण घटना हो ।

## २.३ अध्यापन

वि. सं. १९६४ मा रानीपोखरी संस्कृत प्रधान पाठशालामा अध्यापकमा नियुक्त भएपछि नै वास्तविक रूपमा सोमनाथको अध्यापक जीवन प्रारम्भ भएको देखिन्छ । व्याकरणका गुरु प्राध्यापक विष्णुहरि रिमालको स्वर्गारोहणपछि खालि भएको प्राध्यापक पद वि. सं. १९७२ मा सोमनाथलाई प्राप्त भएको पाइन्छ । सिग्द्याल आफ्नो विषयको अध्यापनका अतिरिक्त संस्कृत प्रधान पाठशालाको सम्पूर्ण अध्ययन-अध्यापन कार्यमा लागेको देखिन्छ ।

यसरी संस्कृत प्रधान पाठशालामा अध्यापकका रूपमा आठ वर्ष, प्रधानाध्यापकका रूपमा सैतिस वर्ष, संस्कृत महाविद्यालयको प्रथम प्रधानाध्यापकका रूपमा पाँच वर्ष अध्यापन कार्य गरेर सोमनाथले साहित्य, वेदान्त, दर्शन, धर्मशास्त्र, साङ्ख्य, योग आदि विषयमा आफ्ना शिष्यहरूलाई आचार्य परीक्षा उत्तीर्ण गराएको देखिन्छ[८] भने संस्कृतमा **प्रतिसंस्कृतासिद्धान्तकौमुदी** र नेपालीमा **मध्यचन्द्रिका** लेखेर व्याकरण शास्त्रप्रतिको आफ्नो अधिकार र रुचिलाई पर्याप्त प्रदर्शन गर्न सफल सोमनाथले वेदको अध्ययन गरेको तर व्याकरणको औपचारिक अध्यापन नगरेको कुरा स्पष्ट देखिन्छ । सोमनाथको अध्यापन-कार्य स्वदेशी विद्यार्थीमा मात्र सीमित नरहेको तथ्य प्रस्ट रूपमा देखिन्छ । त्रिचन्द्र कलेजको स्थापना भएपछि सोमनाथले त्यहाँ केही समयसम्म नेपाली विषय पढाउनुका[९] साथै त्रिभुवन विश्वविद्यालयमा नेपाली विभाग खुलेपछि नेपाली भाषा तथा साहित्यको क्षेत्रमा अध्ययन गरेकाले उनको जीवनले व्यापकता लिएको स्पष्ट हुन्छ ।

---

[८] नयराज पन्त, पूर्ववत्, पृ. २१४ ।

[९] ऐजन , पृ. २१३ ।

## २.४ भाषा तथा साहित्यसेवा

सोमनाथको साहित्यिक जीवन संस्कृत-लेखनबाटै प्रारम्भ भएको जानकारी संस्कृत पत्रिका **सूक्तिसुधा**को प्रकाशन गरेको घटनाबाट स्पष्ट हुन्छ तर विभिन्न कठिनाइले गर्दा **सूक्तिसुधा**को प्रकाशन बन्द भएपछि काशीमा पढ्न बसेको उत्साही युवकहरूमा देखापरेको नेपाली भाषाको सेवा गर्ने तीव्र इच्छाको फलस्वरूप वि. सं. १९६३ साल असार १ गते नेपाली साहित्यको प्रथम मासिक पत्रिकामा रूपमा **सुन्दरी**को प्रकाशन आरम्भ भएको देखिन्छ ।

नेपाली कविताको माध्यमिककालीन शृङ्गारिक धारालाई शैल्पिक गरिमा प्रदान गर्ने उद्देश्य लिई **कविता कल्पद्रुम** (१९६०) ले प्रारम्भ गरेको अभियानलाई सोमनाथ सिग्द्याल, देवीदत्त पराजुली र विष्णुप्रसाद भण्डारीको खास संस्थापन र सम्पादनमा प्रकाशित भएको यस **सुन्दरी** पत्रिकाले अघि बढाउने प्रयास गरेको देखिन्छ ।[१०] **सुन्दरी** पत्रिकामा धारावाहिक रूपमा प्रकाशित 'दिगम्बर' र 'विवाह प्रहसन' नै उनको पहिलो नेपाली रचना हो । **सुन्दरी**पछि वि. सं. १९६५ मा **माधवी** पत्रिका राममणि आ. दी. को सम्पादनमा प्रकाशित गरेका कुरा उल्लेख छ । सोमनाथले १९६९ मा **चन्द्रिका व्याकरण**, (१९७६) मा **मध्यचन्द्रिका**, (१९९१) मा **लघुचन्द्रिका** प्रकाशित गरेका छन् । यसपछि १९९२ मा **दशावतार रस** कविता र **परमपिताको खोज** नामक लामो दार्शनिक कविता, १९९७ मा **उपदेशशतक** र **चारूचार्य**को नेपाली पद्यानुवाद र २००५ मा **आदर्शराघव**सम्म आइपुगेको देखिन्छ । २०१६ मा **साहित्यप्रदीप** र २०१७ मा **सपरिचय सुधाकार्य र विवरण** र २०२४ मा कौटिल्यको **अर्थशास्त्र** प्रस्तुत गरेका छन् ।

संस्कृत वाङ्मयतर्फ सोमनाथले दिएका योगदानमध्ये व्याकरण शास्त्रमा **अनुवाद चन्द्रिका** (१-४ भाग), **संस्कृत चन्द्रिका** र **प्रतिसंस्कृतासिद्धान्तकौमुदी** तथा साहित्यमा **आदर्शराघव**, **पुष्पाञ्जलि** र **सुन्दरचम्पू** आदि कृति प्रकाशनमा आएका र उनका अन्य केही कृति अप्रकाशितै रहेको जानकारी पाइन्छ ।[११]

---

[१०] प्रतापचन्द्र प्रधान, **नेपाली कवितामा शृङ्गार : मोतीरामदेखि सूक्तिसिन्धुसम्म'**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, २०३२), पृ. ४८ ।

[११] रामचन्द्र पौडेल, पूर्ववत्, पृ. ६८-६९ ।

## २.५ सार्वजनिक कार्य

सोमनाथ सरस्वतीको उपासना गर्दै केवल एकान्तमा मात्र सीमित नरही सार्वजनिक कार्यमा लागेका देखिन्छन् । विभिन्न धार्मिक सभा-सम्मेलनमा सोमनाथले भाग लिएबाट उनी आफू मात्र धार्मिक नबनी समाजलाई समेत धार्मिक वातावरण प्रदान गर्नेतिर लागेको स्पष्ट हुन्छ । उनले विभिन्न विद्वत् सम्मेलनका अतिरिक्त विभिन्न सङ्घसंस्थाहरूमा पनि सक्रिय रूपले भाग लिएको पाइन्छ । उनले आफ्ना सङ्ग्रहका विभिन्न पुस्तकहरू वाल्मीकि क्याम्पसलाई सुम्पनुका साथै नारायणघाटमा शिवालय स्थापना गरी त्यसको सञ्चालनका लागि बैङ्कमा पन्ध्रहजारको रकम राखी गुठी स्थापना गर्नुबाट पनि सार्वजनिक जीवनप्रतिको सोमनाथको अभिरुचि रहेको स्पष्ट हुन्छ ।

## २.६ मानपदवी

सोमनाथले साहित्यका क्षेत्रमा उचित सम्मान र प्रोत्साहन पाएको देखिन्छ । उनलाई शासक वर्गको प्रारम्भिक अवस्थाबाट जीवनको अन्तसम्म नै उचित सम्मान र प्रोत्साहन मिलेको पाइन्छ । सोमनाथले विभिन्न महत्त्वपूर्ण कार्य गरेवापत् वि. सं. १९९८ मा गोरखा दक्षिण बाहु (चौथो दर्जा), २०११ मा दीर्घसेवा पट्ट, २००८ मा गोरखा दक्षिणबाहु (तेस्रो दर्जा), २०११ मा राजकीय प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्य, २०१६ मा पण्डितराजको उपाधि, २०२० मा गोरखा दक्षिण बाहु र २०२४ मा त्रिभुवन पुरस्कारजस्ता महत्त्वपूर्ण मान-सम्मान प्राप्त गरेका देखिन्छ ।

## २.७ देहावसान

सोमनाथ सिग्द्यालले नारायणघाटमा आफूले शिवालय निर्माण गराएको र त्यसको सञ्चालनका लागि गुठी समेत राखेकाले जीवनको उत्तरार्धमा उनले नारायणघाट मै बस्ने र देहत्याग गर्ने इच्छा लिएको पाइन्छ ।[१२] सोमनाथको दृढ परम्परागत धार्मिक संस्कारले उनलाई नेपालमै आफ्नो देहत्याग गर्न नदिई वि. सं. २०२९ आश्विन ९ गते काशी पुऱ्याएको बुझिन्छ र वि. सं. २०२९ साल आश्विन २८

[१२] नयराज पन्त, पूर्ववत्, पृ. २२३ ।

गते शनिवार रातको साढे नौ बजे काशीस्थित रामघाटमा सोमनाथको देहावसान भएको जानकारी पाइन्छ ।

वि. सं. २०२९ कार्तिक १३ गते पण्डितराज सोमनाथ सिग्द्यालको निधनमा शोक मनाउन श्री ५ को सरकारबाट काठमाडौं उपत्यकामा आधा दिन विदा गरिएको र सोमनाथको स्मृतिलाई ताजा राख्न शाही नेपाल चलचित्र संस्थानले उनको वृत्तचित्र निर्माण गर्नाका अतिरिक्त उक्त समयमा श्री ५ को सरकारले हुलाक टिकटको प्रकाशन पनि गरेको छ ।[१३]

## २.८ व्यक्तित्व निर्माणको स्वरूप

सोमनाथ सिग्द्याल (१९४१-२०२९) आफ्नो अठासी वर्षको लामो जीवनभर नै सरस्वतीको उपासनामा संलग्न रहेको देखिन्छ । उनी प्राध्यापक भएकाले जीविकाको मूल व्यवसाय पनि यही हो तर सोमनाथ आफ्नो ज्ञान पिपासाले गर्दा पढ्ने, लेख्ने र पढाउने काममा समेत संलग्न रहेको पाइन्छ । नेपाली र संस्कृत वाङ्मयका साहित्यिक र साहित्येतर रचनामा उनको विशिष्ट विद्वत्ता रहेको छ र उनको लेखक व्यक्तित्व महत्त्वपूर्ण रूपमा देखिएको छ । लेखकका रूपमा सोमनाथले शास्त्रीय लेखनमा देखाएको अभिरुचि उनको विद्वत्ताको परिणाम हो र व्याकरण, दार्शनिक वा साहित्य आदिको लेखनकार्य गरेका छन् । त्यसैले लेखकका रूपमा सोमनाथको मूल प्राप्ति उनका साहित्यिक रचनामा प्रकट हुन्छ । सोमनाथको व्यक्तित्वको सर्वाधिक महत्त्वपूर्ण पक्ष लेखक व्यक्तित्वको मुटु साहित्यिक व्यक्तित्व हो यसले नै सोमनाथको बहुमुखी व्यक्तित्वको स्वरूपलाई पहिल्याउन र यसका विविध पक्षको क्रमशः निरूपण गरेको छ ।

## २.९ अध्यापक व्यक्तित्व

सोमनाथको बहुमुखी व्यक्तित्वका विभिन्न पक्षमध्ये जीवनको आधा शताब्दी लामो समयलाई ओगट्ने अध्यापक व्यक्तित्व नै उनको पहिलो व्यक्तित्व हो । वि. सं. १९६४ मा रानी पोखरी संस्कृत प्रधान पाठशालामा अध्यापक भएदेखि २०१४ सालमा

---

[१३] श्री ५ को सरकार, हुलाक सेवा विभागबाट २०३०, ६, १९ मा प्रकाशित टिकट, रु. १ : २५ पैसाको ।
जे. बी. मानन्धनर, लिस्ट अफ नेपाल पोस्टेज स्ट्याम्पस, पृ. ९, क्र. सं. २६६ ।

एकेडेमीका सदस्य नभइन्जेलसम्म सोमनाथले अध्यापककै रूपमा रही अनेकौँ विद्यार्थीलाई विविध विषयमा आचार्य परीक्षा उत्तीर्ण गराएको देखिन्छ ।[१४] सोमनाथको अध्यापन शैली कोरा शब्दार्थ गर्नमा मात्र सीमित नभई विषयको मर्म बुझी त्यसलाई विविध प्रसङ्गद्वारा अर्थ्याई त्यसको पृष्ठभूमिसमेतको उल्लेख गरेर व्याख्यात्मक प्रक्रियाका आधारमा सम्झाउने र बुझाउने खालको रहेको जानकारी पाइन्छ ।[१५] आफ्नो यस प्रकारको अध्यापन शैलीको प्रयोग गरी सोमनाथले नेपालमा संस्कृत अध्ययन-अध्यापनका पुनरुत्थानमा प्रशस्त योगदान गरेको देखिन्छ । सिग्द्यालले पचास वर्षको समय राष्ट्रका लागि समर्पण गरेकाले उनको अध्यापक व्यक्तित्वको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।

### २.१० पण्डित-पुरोहित व्यक्तित्व

धर्मशास्त्र र कर्मकाण्ड आदि विषयको गहिरो अध्ययनबाट निर्मित सोमनाथको पण्डित-पुरोहित व्यक्तित्व सिङ्गो सोमनाथको व्यक्तित्वको उल्लेखनीय पक्ष रहेको पाइन्छ । नेपाली हिन्दू समाजका विविध धार्मिक व्यवहारमा आइपर्ने अनेक मतभेद शङ्काउपशङ्काको समाधान शास्त्रीय निर्णयका आधारमा गर्न सक्ने र उनमा विभिन्न यज्ञ तथा अनुष्ठानहरूको सम्पादन गर्न सक्ने क्षमता रहेको देखिन्छ । प्रायः गरेर सोमनाथले व्रतपर्वहरूको निर्णय गर्ने कार्यमा मुख्य भूमिका खेलेको जानकारी पाइन्छ ।[१६] सोमनाथका सबैजसो पुरणका कर्म विधानहरू, वैदिक अनुष्ठानका प्रयोग विधिहरू, धर्मशास्त्रहरू, विभिन्न मठ-मन्दिर र जलाशय आदिका प्रतिष्ठा विधिहरू तथा अन्य ठूला यज्ञ-यज्ञादि कर्मकाण्डीय विधानहरू कण्ठस्थ रहेकाले उनको पण्डित-पुरोहित व्यक्तित्व पनि रचनात्मक प्रतिभाद्वारा अनुप्रेरित थियो भन्न सकिन्छ ।

### २.११ विद्वत् व्यक्तित्व

सोमनाथको सशक्त अध्यापक व्यक्तित्वको उठान अध्ययनशीलताकै परिणाम हो भने सोमनाथको पण्डित-पुरोहित व्यक्तित्व पनि धर्मशास्त्र र कर्मकाण्डका क्षेत्रमा रहेको

---

[१४] यदुनाथ खनाल, 'पण्डितराज सोमनाथलाई फर्केर हेर्दा', **मधुपर्क**, (वर्ष ७, अङ्क ६), पृ. १०१ ।

[१५] नयराज पन्त, पूर्ववत्, पृ. १९२ ।

[१६] नयराज पन्त, पूर्ववत् ।

उनको गहिरो विद्वत्ताको एक पक्ष हो । नेपाली र संस्कृत वाङ्मयका साहित्यिक र साहित्येतर दुवै क्षेत्रमा पर्याप्त मात्रामा देखापरेको सोमनाथको विद्वत्ताले गर्दा सोमनाथ सिग्द्यालको सिङ्गो व्यक्तित्व नै उनको विशिष्ट विद्वत्ताबाट निर्मित देखिन्छ । सिग्द्यालभित्रको व्यक्तित्व उनीभित्रको सृजनात्मक क्षमताको उपज भएबाट सोमनाथको विद्वत्ताले केन्द्रीय भूमिका ग्रहण गरेको स्थान वाङ्मयको साहित्येतर क्षेत्र हो भन्न सकिन्छ ।

संस्कृत व्याकरण-शिक्षाका क्षेत्रमा अत्यधिक मात्रामा प्रचलित सिद्धान्त कौमुदीको प्रतिसंस्कार गर्नु र नेपालीका आधिकारिक व्याकरणका वर्तमान र स्थिति बसाउने क्रममा पर्याप्त योगदानसमेत दिनु सोमनाथमा रहेका विद्वत्ताको प्रतिफल हो । दर्शनप्रतिको चाख र व्यवस्थित अध्ययनका लागि भएको संस्थागत प्रयासमा[१७] सोमनाथले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । **साहित्यप्रदीप** प्रस्तुत गरी नेपाली वाङ्मयको विकासमा योगदान दिनु पनि सिग्द्यालको विद्वत् व्यक्तित्वकै विस्तारित रूप हो भनेर चर्चा गर्न सकिन्छ ।

### १.१२ साहित्यिक व्यक्तित्व

बहुमुखी व्यक्तित्वका धनी सोमनाथको सर्वाधिक महत्त्वपूर्ण पक्ष उनको लेखक व्यक्तित्व हो त्यसमा पनि साहित्येतर वा शास्त्रीय लेखनको क्षेत्र विद्वत् व्यक्तित्वकै उपलब्धि भएकाले व्यक्तित्वको पनि मुटु साहित्य सृजना हो । सोमनाथको साहित्यिक व्यक्तित्वलाई स्रष्टा र द्रष्टा व्यक्तित्वका रूपमा अध्ययन गर्न सकिन्छ ।[१८] शैल्पिक छटा र परिष्कारप्रतिको आग्रहले परिपूर्ण शृङ्गारिकतामा सोमनाथको साहित्यिक व्यक्तित्व **सुन्दरी** (१९६३) को प्रकाशनदेखि **सूक्तिसिन्धु** (१९७४) सम्म देखापरेको छ र सोमनाथ शिल्प र पाण्डित्यद्वारा परिष्कृत काव्यशैलीतिर प्रवृत्त भई नेपाली कवितालाई मौलिक महाकाव्य **चन्द्रचरित** (१९७६-८६) लेख्दै राजभक्तिको मार्ग अँगाले पनि त्यसमा समेत **सुन्दरी**, **सूक्तिसिन्धु** अवधिको शैलीको सचेत परिष्कारको प्रवृत्ति चाहिँ गतिशील नै

---

[१७] वि. सं. २००७ साल चैत्रमा गठित नेपाल दार्शनिक सङ्घको स्थापनमा सोमनाथको महत्त्वपूर्ण हात थियो । साथै यिनी यस संस्थाका सभापति पनि भएका थिए ।

[१८] सोमनाथ सिग्द्याल, **आदर्शराघव**, 'दिग्दर्शन', (ते. सं.), (विराटनगर : पुस्तक संसार, २०२८), पृ. ख ।

पाइन्छ । यस परिष्कारको क्लिष्ट उचाइ **आदर्शराघव** महाकाव्यमा नै देखिएको छ । वास्तवमा सम्पूर्ण नेपाली साहित्यमै पनि पूर्वीय काव्य शास्त्रीय नियमले पूर्ण निर्देशित र नियन्त्रित अति परिष्कृत काव्यकृतिको एक मात्र नमुनाका रूपमा **आदर्शराघव** महाकाव्य देखापरेको छ । यसबाट सोमनाथका साहित्यिक व्यक्तित्वका निर्माणमा पूर्वीय काव्यतत्त्वको यथावत् प्रतिपालन, पूर्वीय प्रचीन संस्कृतितिरको आकर्षण र त्यसैमा आधारित सांस्कृतिक आदर्शचेतना वा नीतिचेतना तथा पूर्वीय पाण्डित्यको विशेष भूमिका रहेको कुरा उनको सर्वोच्च साहित्यिक रचना **आदर्शराघव**बाट स्पष्ट हुन्छ ।

# तेस्रो परिच्छेद

## सोमनाथ शर्मा सिग्द्यालसम्बन्धी अध्ययनहरूको सर्वेक्षण

सोमनाथ शर्मा सिग्द्याल नेपाली साहित्य र वाङ्मयको क्षेत्रमा एक विशिष्ट प्रतिभा हुन् । संस्कृतमा औपचारिक शिक्षा प्राप्त गरी साहित्यको क्षेत्रमा प्रवेश गरेका सिग्द्यालको नेपाली साहित्यमा पनि महत्त्वपूर्ण योगदान रहेको छ । यिनै विशिष्ट प्रतिभाशाली व्यक्तित्व सिग्द्यालका सम्बन्धमा व्यक्तिगत तथा संस्थागत स्तरमा विभिन्न अध्ययनहरू भएको पाइन्छ । सोमनाथ सिग्द्यालबारे अध्ययन गर्ने क्रममा सर्वप्रथम हंसपुरे सुवेदीले वि. सं. २०१९ मा **पण्डितराज सोमनाथज्यू र वहाँको महाकाव्य** शीर्षकको लेख **मधुपर्क** पत्रिकामा लेखेका छन् । यसपछि क्रमशः सिग्द्यालसम्बन्धी अध्ययनको परम्परा विकसित हुँदै आएको देखिन्छ । सिग्द्यालसम्बन्धी अध्ययन गर्ने क्रममा सबैभन्दा बढी अध्ययन ताराप्रसाद जोशीले गरेका छन् भने रामचन्द्र भट्टले **नेपाली आदर्शराघवका प्रवृत्ति र प्राप्ति** शीर्षकको लेख वि. सं. २०६० मा प्रकाशित गरी सिग्द्यालको सबभन्दा पछिल्लो अध्ययन प्रस्तुत गरेका छन् । सोमनाथ सिग्द्यालको अध्ययनलाई हेर्दा उनको चर्चित महाकाव्य **आदर्शराघव**मा सबैभन्दा बढी अध्ययनहरू भएको पाइन्छ । सोमनाथ सिग्द्यालको अध्ययनलाई हेर्दा उनका अध्ययनहरूलाई तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

### ३.१ लेखका स्तरमा पत्रपत्रिकामा प्रकाशित सिग्द्यालसम्बन्धी अध्ययनहरूको सर्वेक्षण

लेखका स्तरमा गरिएको अध्ययनभित्र वि. सं. २०१९ देखि २०६० सम्मका दैनिक, मासिक र वार्षिक रूपमा प्रकाशित पत्रपत्रिकाभित्र सिग्द्यालका बारेमा गरिएका अध्ययनहरूलाई समेटिएको छ । तीमध्ये दैनिक पत्रिका **गोरखापत्र**मा विभिन्न सङ्घसंस्थाबाट सिग्द्यालको मृत्युपश्चात् गरिएको शोकसभा र श्रद्धाञ्जली सभाको पनि राससद्वारा चर्चा गरिएको छ । सोमनाथ सिग्द्यालसम्बन्धी लेखका स्तरमा विभिन्न

पत्रपत्रिकाभित्र गरिएका अध्ययनहरूलाई यहाँ विस्तृत रूपमा चर्चा गर्ने गर्न प्रयास गरिएको छ । यस्ता अध्ययनहरू सिग्द्यालमै केन्द्रित रहेर गरिएका छन् । विभिन्न सङ्घसंस्थाहरूले सिग्द्यालको मृत्युपश्चात् आयोजना गरेका शोकसभा र श्रद्धाञ्जली सभाहरूलाई पनि **गोरखापत्र**को माध्यमबाट चर्चा गर्ने काम राससले गरेको छ । यस परिच्छेदमा सोमनाथ सिग्द्यालसम्बन्धी पत्रपत्रिकामा भएका अध्ययनहरूको कालक्रमिक विवरण दिई क्रमशः तिनको विवेचना गरिएको छ :

| क. सं. | लेखक | शीर्षक | पत्रिका | वर्ष | अङ्क | साल | पृष्ठ |
|---|---|---|---|---|---|---|---|
| १ | हंसपुरे सुवेदी | पण्डितराज सोमनाथज्यू र वहाँको महाकाव्य | **मधुपर्क** | ५ | ६ | २०१९ | ५१-६१ |
| २ | रामचन्द्र पौडेल | पण्डितराज श्री सोमनाथ सिग्द्यालज्यूको सङ्क्षिप्त जीवनी | **मर्यादा** | २ | १ | २०२० | ५९-७४ |
| ३ | ताराप्रसाद जोशी | पण्डितराज सोमनाथ सिग्द्याल केही चर्चा र मूल्याङ्कन | **जर्नल अफ द युनिभर्सिटी** | | ४ | सन् १९६९, तदनुसार वि. सं. २०२६ | १-१४ |
| ४ | ,, | प्रकृति दर्शन र आदर्शराघवमा प्रयुक्त प्रकृति | **प्रज्ञा** | १ | २ | २०२७ | |
| ५ | वासुदेव त्रिपाठी | महाकाव्य बुढो पुरानो विधा | **प्रज्ञा** | १ | १ | २०२७ | १०६-१०७ |
| ६ | ताराप्रसाद जोशी | चरित्रचित्रण र आदर्शराघव | **जर्नल अफ द युनिभर्सिटी** | ६ | २ | सन् १९७१ तदनुसार वि. सं. २०२८ | १५-२८ |
| ७ | ,, | आदर्शराघवको कथावस्तुको मूल्याङ्कन | **दियालो** | १३ | ६५ | २०२९ | ७-१४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | नयराज पन्त | विद्वतपूजा | **पूर्णिमा** | ७ | १४ | २०२९ | १९१-२०० |
| ९ | ,, | श्री गुरु पण्डितराज सोमनाथ सिग्द्यालको प्रतिसंस्कृतासिद्धान्त कौमुदीका विषयमा विद्वान्हरूको विचार | **पूर्णिमा** | ७ | १४ | २०२९ | २६०-२६४ |
| १० | ,, | विद्वच्छिरोमणि हेमराज र पण्डितराजका सम्बन्धमा | **पूर्णिमा** | ७ | १४ | २०२९ | २६४-२६८ |
| ११ | ,, | श्रीगुरु पण्डितराज सोमनाथ सिग्द्यालज्यू | **पूर्णिमा** | ७ | १४ | २०२९ | २०१-२२८ |
| १२ | ,, | गुरुज्यू हेमराजका विषयमा विदेशी विद्वान्हरूको विचार | **पूर्णिमा** | ७ | १४ | २०२९ | २२८-२५२ |
| १३ | ,, | नवस्तोत्र | **पूर्णिमा** | ७ | १४ | २०२९ | २५२-२५९ |
| १४ | सम्पादकीय | अपूरणीय क्षति | **गोरखापत्र** | ७३ | १६६ | २०२९ | ४ |
| १५ | लक्ष्मीनाथ शर्मा | अठासी वर्षका सिग्द्याल | **गोरखापत्र** | ७२ | १५५ | २०२९ | ७ |
| १६ | रूद्रराज पाण्डे | केही विद्वान्हरूको सम्झनामा | **गोरखापत्र** | ७२ | २९७ | २०२९ | ५ |
| १७ | रासस | पण्डितराजको स्वर्गवास | **गोरखापत्र** | ७२ | २९७ | २०२९ | १ |
| १८ | रासस | व्यथितद्वारा समवेदना | **गोरखापत्र** | ७२ | २९७ | २०२९ | १ |
| १९ | नयराज पन्त | श्री ५ महाराजधिराज महेन्द्र वीरविक्रम शाहदेवको स्वर्गारोहण | **पूर्णिमा** | ७ | ४ | २०२९ | ११५-११८ |
| २० | यदुनाथ खनाल | पण्डितराज सोमनाथ सिग्द्याललाई फर्केर हेर्दा | **मधुपर्क** | ७ | ६ | २०३१ | ९९-१०९ |
| २१ | सुकुम शर्मा | व्याकरणकार सोमनाथ शर्मा र उनको मध्यचन्द्रिकाको देन | **शार्दूल** | १ | १ | २०५१ | ५१-५५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२ | दैवज्ञराज न्यौपाने | रसवादी कविका रूपमा सोमनाथ सिग्द्याल | **वाङ्मय** | १३ | ७ | ३०५३/०५४ | ६६-७५ |
| २३ | केशवप्रसाद उपाध्या | परिष्कारवादी महाकाव्य **आदर्शराघव**को अन्तर्निरीक्षण | **गरिमा** | १७ | ६ | २०५६ | १३-१७ |
| २४ | राममणि ढुङ्गाना | कवि सोमनाथ सिग्द्याल र उनको **आदर्शराघव**को शल्याक्रिया | **शार्दूल** | १ | १ | २०६० | ८१-८९ |
| २५ | रामचन्द्र भट्ट | नेपाली महाकाव्य **आदर्शराघव**का प्रवृत्ति र प्राप्ति | **कुञ्जिनी** | ११ | ८ | २०६० | १८-२० |

(१) हंसपुरे सुवेदी, 'पण्डितराज सोमनाथज्यू र वहाँको महाकाव्य', **मधुपर्क**, (वर्ष ५, अङ्क ६, २०१९), पृ. १५-२१

हंसपुरे सुवेदीको 'पण्डितराज सोमनाथज्यू र वहाँको महाकाव्य' शीर्षकको लेख **मधुपर्क**मा प्रकाशित छ । सोमनाथ सिग्द्यालको अध्ययन गर्ने क्रममा सुवेदीले सर्वप्रथम २०१९ सालमा कलम चलाएको देखिन्छ । सिग्द्यालका बारेमा सुवेदीले गरेको यस अध्ययनलाई महत्त्वपूर्ण ऐतिहासिक अध्ययन मान्न सकिन्छ । प्रस्तुत लेखमा सुवेदीले सोमनाथ सिग्द्याललाई बहुमुखी प्रतिभाका धनी, नेपाली र संस्कृतका प्रकाण्ड विद्वान्का रूपमा चर्चा गरेका छन् । यस लेखमा सिग्द्यालले साहित्यका क्षेत्रमा गरेको योगदान र प्राप्त पुरस्कार, मान-सम्मानका साथै उनले गरेका अध्ययन-अध्यापन कार्यको पनि सुवेदीले उल्लेख  र यस लेखमा सिग्द्यालका प्रकाशित रचनाहरूमा छन्द, अलङ्कार, रस र ध्वनिको उचित ढङ्गले प्रयोग भएको पाइन्छ भन्ने सुवेदीको भनाइ रहेको छ । सुवेदीले नेपाली साहित्यको काव्यात्मक परम्परामा सिग्द्यालको विशेष उल्लेखनीय रचना **आदर्शराघव** हो भन्दै उनको रचनामा व्यक्तिगत माधुर्य र सरल पक्षको वर्णन पाइन्छ भनेर यस लेखमा चर्चा गरेका छन् । यस लेखमा क्लिष्ट कल्पना, अस्फुट भाव, अलङ्कार प्रयोगको आधिक्य र शिल्पगत अभ्यास सिग्द्यालका महाकाव्यका लेखनगत

विशेषता हुन् भनेर सुवेदीले चर्चा गरेका छन् । सुवेदीले यस लेखमा **आदर्शराघव** महाकाव्यको प्रवोधन भावपूर्ण छ र काव्यमा हुनुपर्ने आवश्यक गुण सहजात्मक शैलीमा छ तर क्लिष्ट कल्पनाले गर्दा यसमा प्रसाद गुण र सहजताको कमी भएको महसुस हुन्छ भनेर चर्चा गरेका छन् । यस लेखमा **आदर्शराघव** महाकाव्य पूर्वीय साहित्यशास्त्रका दृष्टिले सामान्य र सैद्धान्तिक काव्य परम्पराका आधारले उत्कृष्ट छ भनेर सुवेदीले यस महाकाव्यको मूल्याङ्कन गरेका छन् ।

(२) रामचन्द्र पौडेल, 'पण्डितराज श्री सोमनाथ सिग्द्यालज्यूको सङ्क्षिप्त जीवनी', **मर्यादा**, (वर्ष २, अङ्क १, २०२०), पृ. ५९-७४ ।

'पण्डितराज श्री सोमनाथ सिग्द्यालज्यूको सङ्क्षिप्त जीवनी' शीर्षकको लेख रामचन्द्र पौडेलद्वारा लेखिएको हो । यो लेख **मर्यादा** पत्रिकामा प्रकाशित छ । यस लेखमा पौडेलले सिग्द्यालको जीवनी, व्यक्तित्व र कृतित्वका साथै उनको अध्ययन र अध्यापन कार्यको समेत चर्चा गरेका छन् । सिग्द्यालमा बाल्यकालदेखि नै बहुमुखी प्रतिभा भएका कारणले उनले काव्यकोश, व्याकरण, अध्यात्म रामायण सिद्धान्त कौमुदीलगायतका ग्रन्थहरू पढी ४१ वर्षको उमेरमा सम्पूर्ण मध्यमा तहका निम्ति निर्धारित सबै ग्रन्थहरूको अध्ययन गरेको कुरा उल्लेख गरेका छन् । यस लेखमा सिग्द्यालले व्याकरणशास्त्र, न्यायशास्त्र, दर्शनशास्त्र, वेदान्त शास्त्र र धर्मशास्त्र लगायत थुप्रै ग्रन्थहरूको समेत गहन अध्ययन गरेको कुरा पनि पौडेलले उल्लेख गरेका छन् । यस लेखमा पौडेलले सिग्द्यालको गृहस्थी जीवनका बारेमा पनि चर्चा गरेका छन् । यस लेखमा सिग्द्याल आफ्नो प्रतिभाका कारण गोरखादक्षिण बाहु तथा दीर्घ सेवा पट्टजस्ता महत्त्वपूर्ण पदकबाट विभूषित भएको उल्लेख गरेका छन् । यस लेखमा सिग्द्यालले संस्कृतमा लेखका **प्रतिसंस्कृतासिद्धान्तकौमुदी** तथा **आदर्शराघव**, **पुष्पाञ्जली**, **चन्द्रशतकम्** र **पञ्चामृत** लगायतका प्रकाशित र अप्रकाशित नौ वटा ग्रन्थका बारेमा चर्चा गर्दै नेपालीमा लेखेका **साहित्यप्रदीप** र **आदर्शराघव** महाकाव्यलगायतका १२ वटा प्रकाशित र अप्रकाशित कृतिहरूका बारेमा पनि पौडेलले चर्चा गरेका छन् । यस लेखमा पौडेलले सिग्द्याललाई धर्ममा निकै आस्था राख्ने व्यक्तित्व भन्दै उनी देवघाटमा

गएर बसेको कुराको उल्लेख गरेका छन् । प्रस्तुत लेखमा सिग्द्यालले काशीमा पुगेर देहत्याग गरेको प्रसङ्ग उल्लेख गर्दै उनको व्यक्तित्व र असाधारण प्रतिभाका बारेमा समेत चर्चा गरेका छन् । पौडेलले सिग्द्यालको निधनले सिङ्गो नेपाली साहित्यमा नै अगाध क्षति पुगेको कुरा यस लेखमा बताएका छन् ।

(३) ताराप्रसाद जोशी, 'पण्डितराज सोमनाथ सिग्द्याल केही चर्चा र मूल्याङ्कन', **जर्नल अफ द युनिभर्सिटी**, (भोल्युम ४, नं. २, सन् १९६९ : २०२६ तदनुसार), पृ. १-१४ ।

'पण्डितराज सोमनाथ सिग्द्याल केही चर्चा र मूल्याङ्कन' शीर्षकको समालोचनात्मक लेख ताराप्रसाद जोशीद्वारा लेखिएको हो । यो लेख **जर्नल अफ द युनिभर्सिटी** पत्रिकामा प्रकाशित छ । सिग्द्यालको अध्ययनका क्रममा उनका बारेमा सबैभन्दा बढी अध्ययन ताराप्रसाद जोशीले गरेका छन् । प्रस्तुत लेखमा जोशीले सिग्द्याललाई बहुमुखी प्रतिभाका धनी नेपाली साहित्य र वाङ्मयका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वका रूपमा चर्चा गरेका छन् । यस लेखमा सिग्द्यालले विशेष महाकाव्य साधनातर्फ बढी कलम चलाएका छन् भन्ने कुराको पनि जोशीले उल्लेख गरेका छन् । यस समालोचनात्मक लेखमा पण्डितराज सिग्द्यालले साहित्यका क्षेत्रमा गरेको योगदानबापत प्राप्त पुरस्कारका बारेमा पनि चर्चा जोशीले गरेका छन् । यस लेखमा जोशीले सिग्द्याललाई दार्शनिक, वैयाकरण, साहित्यिक, आचार्य, कवि र राष्ट्रका एक गौरवशाली वरिष्ठ विद्वान्का रूपमा चर्चा गरेका छन् साथै उनले राणा र राजाहरूद्वारा गराइएका कोटिहोम, तुलादान, यज्ञ र महायज्ञहरूमा आचार्य भएर पाण्डित्य र कर्मकाण्डका विविध कार्यहरू सम्पन्न गरेकाले सिग्द्याल विशिष्ट पण्डित थिए भन्ने पनि उल्लेख गरेका छन् । यस लेखमा सिग्द्यालले नेपाली भाषाका व्याकरण, लघुचन्द्रिका, मध्यचन्द्रिका र संस्कृत भाषाका **प्रतिसंस्कृतासिद्धान्तकौमुदी**जस्ता व्याकरणग्रन्थ प्रस्तुत गरेका भन्ने चर्चा पनि जोशीले गरेका छन् । यस लेखमा जोशीले साहित्यका विभिन्न काव्यधाराको चर्चा गर्दै सिग्द्याललाई नवक्लासिकल अथवा

शास्त्रीयतावादी कवि हुन् भनेका छन् र उनका कवितामा हृदय पक्षभन्दा मस्तिष्क पक्ष बढी सशक्त छ भन्ने कुराको पनि उल्लेख गरेका छन् ।

(४) ताराप्रसाद जोशी, 'प्रकृतिदर्शन र आदर्शराघवमा प्रयुक्त प्रकृति', **प्रज्ञा**, (वर्ष १, अङ्क २, २०२७), पृ. ६८-८० ।

ताराप्रसाद जोशीले 'प्रकृतिदर्शन र आदर्शराघवमा प्रयुक्त प्रकृति' शीर्षकको लेख लेखका छन् र यो लेख **प्रज्ञा** पत्रिकामा प्रकाशित छ । यस लेखमा जोशीले सिग्द्यालको **आदर्शराघव** महाकाव्यमा रहेको प्रकृतिदर्शन र त्यसमा प्रकृतिको वर्णन कहाँ र कसरी भएको छ भनेर विवेचना गरेका छन् । प्रस्तुत लेखमा जोशीले प्रकृति भनेको नदीनाला, पर्वत, वनजङ्गल, आकाश, सूर्य र चन्द्रमा आदि मान्छको हातले नबनाएका र नैसर्गिक रूपले स्वतः हामीलाई आकर्षण गर्न सक्ने खालका विषय जति सबै हुन् भनेर प्रकृतिको परिभाषा गरेका छन् । यस लेखमा जोशीले सिग्द्यालको **आदर्शराघव** महाकाव्यमा प्रकृतिप्रयोगको विवेचना गरेका छन् । यस सन्दर्भमा जोशीले सिग्द्यालको **आदर्शराघव** महाकाव्यमा प्रकृतिकै लागि प्रकृतिको रूपमा, आलम्बनको रूपमा, मानवीकृत रूपमा, मानवीय यथार्थको वातावरणको रूपमा, कलात्मक उदात्तता र सौन्दर्य सृष्टिको रूपमा, आलङ्कारिक रूपमा र मनोवैज्ञानिक अभिव्यञ्जनाको रूपमा तथा प्रतीकात्मक रूपमा प्रकृतिको प्रयोग भएको छ भन्ने निष्कर्ष निकालेका छन् । यसरी प्रस्तुत लेखमा जोशीले **आदर्शराघव** महाकाव्यमा प्रयोग भएको प्रकृतिको विस्तृत विवेचना गरेका छन् ।

(५) वासुदेव त्रिपाठी, 'महाकाव्य बुढो पुरानो विधा', **प्रज्ञा**, (वर्ष १, अङ्क १, २०२७, काठमाडौँ), पृ. १०६-१०७ ।

वासुदेव त्रिपाठीद्वारा लेखिएको 'महाकाव्य बुढो पुरानो विधा' शीर्षकको लेख **प्रज्ञा** पत्रिकामा प्रकाशित छ । यस लेखमा **आदर्शराघव**को उपलब्धि अद्भुत शिल्प र असाधारण निर्माण क्षमताका बारेमा त्रिपाठीले चर्चा गरेका छन् । प्रस्तुत लेखमा त्रिपाठीले युग, जिन्दगीको बृहत् र विस्तृत अभिव्यञ्जनाका दृष्टिले **आदर्शराघव** अपूर्ण छ भनेर यस महाकाव्यको कमजोरीको टिप्पणी गरेका छन् । यस लेखमा त्रिपाठीले पण्डितराज सिग्द्याललाई प्रकाण्ड विद्वान् र पूर्वीय साहित्यशास्त्रका पारखीका रूपमा

**आदर्शराघव** महाकाव्यले पुरस्कृत गरेको छ भनी उल्लेख गरेका छन् । त्रिपाठीले नेपाली साहित्यमा महाकाव्यलाई सबैभन्दा पुरानो विधाको रूपमा लिइनुका साथै सिग्द्यालले पुरानो विधालाई अँगालेर **आदर्शराघव** महाकाव्य लेखेको कुरा यस लेखमा उल्लेख गरेका छन् । यस लेखमा सिग्द्यालले भारवि र माघको मान्यतालाई अँगालेर **आदर्शराघव** महाकाव्य नेपाली साहित्यसमक्ष प्रस्तुत गरेको कुरा पनि त्रिपाठीले बताएका छन् ।

(६) ताराप्रसाद जोशी, 'चरित्रचित्रण र आदर्शराघव', **जर्नल अफ द युनिभर्सिटी**, भो. ६, नं. २, सन् १९७१ : (तदनुसार २०२८), पृ. १५-२८ ।

ताराप्रसाद जोशीद्वारा लेखिएको **चरित्रचित्रण र आदर्शराघव** शीर्षकको समालोचनात्मक लेख **जर्नल अफ द युनिभर्सिटी** पत्रिकामा प्रकाशित छ । यस लेखमा जोशीले सिग्द्यालको **आदर्शराघव** महाकाव्यका सम्पूर्ण पात्रहरूको चरित्रचित्रण गरेका छन् । प्रस्तुत लेखमा जोशीले राघव-सीता र रावणलाई प्रधान पात्र, लक्ष्मण, भरत र सुग्रीव एवम् विभीषण आदिलाई अप्रधान पात्रका रूपमा चर्चा गरेका छन् । यस लेखमा जोशीले प्रधान पात्र राघवलाई आदर्शमानव, आदर्शपति र आदर्श राजाका रूपमा चर्चा गरेका छन् भने उनले मर्यादाका प्रतिपालक, लोकपरोपकारी, शूरवीर, आदर्शप्रेमी, संरक्षक, जनभावनाका उपासक, पत्नीव्रतको उपासक र व्यवस्थाका प्रतिष्ठापकका रूपमा राघवको चरित्रको चर्चा गरेका छन् । जोशीले सिग्द्यालको **आदर्शराघव** महाकाव्यमा सीतालाई दोस्रो स्थानमा राखेर अध्ययन गर्दै यस महाकाव्यकी नायिका सीतालाई राघवकी सहधर्मिणी, जीवनज्योति जगाउने महादीप र नारी भावनाको जागृत गराउने अमर प्रतिभाका रूपमा उल्लेख गरेका छन् । प्रस्तुत लेखमा जोशीले रावणलाई यस महाकाव्यको तेस्रो स्थानमा राखेर रावणलाई सुवर्णपुरी लङ्काको अधिपति र प्रतिनायकका रूपमा चर्चा गरेका छन् । जोशीले यस महाकाव्यमा नायक राघवको आदर्शलाई जति माथि उचालिएका छन् त्यति प्रतिनायक रावण अर्धप्रकृति साबित भएर तल खसालिएका छन् भन्ने टिप्पणी गरेका छन् । जोशीले सिग्द्यालका शब्दमा रावणलाई धर्मद्रोही, कपटी र उल्लू हो जसले आफैँ खस्ने अधिक गहिरो खाडलै खन्न लाग्यो भनिएको छ भनी उल्लेख गरका छन् । जोशीले **आदर्शराघव**का रचयिता सिग्द्यालको

ध्यान चरित्राङ्कन पट्टि नभएर कलात्मक परिष्कार अथवा शिल्प सज्जातिर नै विशेष केन्द्रित छ भन्ने कुरा निष्कर्षका रूपमा व्यक्त गरेका छन् ।

(७) ताराप्रसाद जोशी, 'आदर्शराघवको कथावस्तुको मूल्याङ्कन', **दियालो**, (वर्ष १३, हाँगो ६५, २०२९, काठमाडौँ), पृ. ७-१४ ।

ताराप्रसाद जोशीद्वारा लेखिएको 'आदर्शराघवको कथावस्तुको मूल्याङ्कन' शीर्षकको यो लेख **दियालो** पत्रिकामा प्रकाशित छ । प्रस्तुत लेखमा जोशीले सिग्द्यालको **आदर्शराघव** महाकाव्यका कथावस्तुमाथि गहन रूपले अध्ययन गरेका छन् । यस लेखमा इतिहास या पुराणको कुनै एक अंश बृहदाकारमा प्रस्तुत गरिएको आधिकारिक कथाकै परिपोषक भएर अन्य प्रासङ्गिक कथाहरू आएका, वस्तु संघङ्टना विधिपूर्ण भएका र गरिमामय प्रस्तुतीकरणले महाकाव्यको कथावस्तु तयार पारिएको बारे जोशीले चर्चा गरेका छन् । यस लेखमा जोशीले सिग्द्यालका **आदर्शराघव** र भानुभक्तीय रामायणको तुलना पनि गरेका छन् । यस लेखमा जोशीले अर्थप्रकृति, अवस्था र सन्धिको चर्चा गर्दै पाँच अर्थप्रकृति र पाँच अवस्थाको क्रमिक सम्बन्धबाट पञ्चसन्धिको सुसङ्गठन हुन्छ र अर्थप्रकृतिले कथानकका मुख्य पाँच कडीहरू जोड्दै लैजान्छ भन्ने बारेमा पनि विवेचना गरेका छन् । यस लेखमा **आदर्शराघव**को कथावस्तुलाई विषयोन्मुख, अभिव्यञ्जनालाई हृदयवर्धक र कल्पनाविधानलाई विम्बात्मक बनाउने प्रयास गरिएको बारेमा पनि चर्चा गरिएको छ । यस लेखमा युगधर्मअनुसार कथावस्तुको पुनर्व्याख्या हुँदाहुँदै पनि परम्परागत रूपमा क्षति नहुनु **आदर्शराघव**को विशेषता हो भन्ने कुरा बताएका छन् ।

(८) नयराज पन्त, 'विद्वत्पूजा', २ सङ्ख्या, प्रस्तावना, **पूर्णिमा**, (वर्ष ७, अङ्क ४, २०२९), पृ. १९१-२०० ।

प्रस्तुत 'विद्वत्पूजा' शीर्षकको लेख नयराज पन्तले लेखेका हुन् र यो **पूर्णिमा** पत्रिकामा प्रकाशित छ । सिग्द्यालका बारेमा अध्ययन गर्ने व्यक्तित्वमध्ये नयराज पन्त दोस्रो स्थानमा पर्दछन् । यस लेखमा पन्तले बाल्यकालदेखि नै आफू सिग्द्यालको सम्पर्कमा रहेको र उनैको प्रेरणा र हौसलाबाट आफ्नो अध्ययनलाई अगाडि बढाएको कुरा चर्चा गरेका छन् । यस लेखमा पन्तले सिग्द्यालका प्रेरणाबाट **मुद्राराक्षस**, **मृच्छकटिक**, **मालाविकाग्निमित्र**, **उत्तर रामचरित्र**, **कादम्बरी**, **नैषध** र **साहित्यदर्पण** पढ्ने

अवसर पाएको र उनले आफूलाई संस्कृत वाङ्मयका क्षेत्रमा प्रवेश गराएको कुरा व्यक्त गरेका छन् । यस लेखमा सिग्द्यालले आफूलाई दिएको हौसला र प्रेरणाका कारण हरेक वर्ष गुरु पूर्णिमाका दिन गुरुपूजा गर्ने गरेको प्रसङ्गको पनि पन्तले चर्चा गरेका छन् । यस लेखमा पन्तले सुरुमा सिग्द्याल र आफ्नो सम्बन्ध अत्यन्त गहिरो भएको तर पञ्चाङ्ग संशोधनको विषयलाई लिएर सिग्द्याल र आफ्ना बीचको सम्बन्ध बिग्रन गएको कुरा पनि व्यक्त गरेका छन् । पन्तले सिग्द्यालको अवस्था दयनीय बन्दै गएपछि उनी काशी गएको र त्यसको केही समयपछि सिग्द्यालको स्वर्गवास भएको कुरा पनि यस लेखमा उल्लेख गरेका छन् । यस लेखमा पन्तले सिग्द्यालको मृत्यपश्चात् उनको साहित्यिक र ऐतिहासिक महत्त्वको चर्चा गर्दै उनको लेखनशैली सुन्दर र परिष्कृत थियो भन्ने कुरा पनि व्यक्त गरेका छन् । यस लेखमा सिग्द्यालले आफ्नो वंश परम्परा विद्यार्थी परम्पराबाट चलोस् भन्ने इच्छा प्रकट गरेको कुराको पनि पन्तले उल्लेख गरेका छन् । यस लेखमा पन्तले आफू पञ्चाङ्ग संशोधन मण्डलमा रहेको कुरा पनि बताएका छन् ।

(९) नयराज पन्त, 'श्रीगुरु पण्डितराज सोमनाथ सिग्द्यालको **प्रतिसंस्कृतासिद्धान्त-कौमुदी**का विषयमा विद्वान्हरूको विचार', **पूर्ववत्**, २०२९, पृ. २६०-२६४ ।

'श्री गुरु पण्डितराज सोमनाथ सिग्द्यालको **प्रतिसंस्कृतासिद्धान्तकौमुदी**का विषयमा विद्वान्हरूको विचार' शीर्षकको लेख नयराज पन्तले लेखका हुन् । यो लेख **पूर्णिमा** पत्रिकामा प्रकाशित छ । यस लेखमा पन्तले नेपाली विषयका प्रकाण्ड विद्वान् श्री सोमनाथ सिग्द्यालले प्रतिसंस्कार गरेको विवरणसहितको व्याकरण **प्रतिसंस्कृतासिद्धान्त कौमुदी**का बारेमा विदेशी विद्वान्हरूले अध्ययन गरेको कुरा उल्लेख गरेका छन् । यस लेखमा पन्तले सिग्द्याललाई नेपालका प्रतिष्ठित विद्वान्, न्याय, व्याकरण र साहित्य शास्त्रमा प्रौढ व्यक्तित्व भएको चर्चा गर्दै उनले निकै परिश्रम गरी बनाएको **प्रतिसंस्कृतासिद्धान्तकौमुदी**को व्याख्या सहितको नयाँ प्रतिसंस्कारका बारेमा पनि बताएका छन् । यस लेखमा पन्तले यो विशिष्ट ग्रन्थ व्यवहारमा उपयोग हुने तरिकाले लेखिएकाले नेपाली एकडेमीद्वारा यो ग्रन्थ प्रकाशन गर्न लागेकोमा विद्वान्हरूले पनि समर्थन गरेको कुरा बताएका छन् ।

(१०) नयराज पन्त, 'श्रीगुरु पण्डितराज सोमनाथ सिग्द्यालज्यू', ऐजन, २०२९, पृ. २०१-२२८ ।

नयराज पन्तले 'श्रीगुरु पण्डितराज सोमनाथ सिग्द्यालज्यू' शीर्षकको लेख **पूर्णिमा** पत्रिकामा प्रकाशित गरेका छन् । यस लेखमा पन्तले सिग्द्याललाई वेदान्त जान्ने पण्डितका छोराका रूपमा दर्साउँदै उनको **अमरकोश काव्य**, **प्रतिसंस्कृतासिद्धान्तकौमुदी** र **मुक्तावली** आदि कृति आफूले अध्ययन गरेको र उनी नेपालका प्रसिद्ध पण्डितहरूमध्ये विशिष्ट रहेको उल्लेख गरेका छन् । उनले नेपाली, संस्कृत, न्याय, वैशेषिक लगायत अन्य विषयमा नेपाल तथा विदेशबाट हासिल गरेको उच्च शिक्षाका बारेमा पनि व्याख्या गरेका छन् । यस लेखमा सिग्द्यालले कविता र व्याकरणका क्षेत्रमा गरेको योगदानको उल्लेख गर्दै उनका प्रकाशित कृतिहरू **आदर्शराघव**, **साहित्यप्रदीप** र **प्रतिसंस्कृतासिद्धान्त कौमुदी** लगायत अन्य प्रकाशित कृतिहरूका बारेमा पनि चर्चा गरेका छन् । यस लेखमा सिग्द्याल राणा सरकारको पालमा दरबारमा पण्डितका रूपमा काम गरेको र त्यहाँबाट प्राप्त दान दक्षिणाबाट आफ्नो जीवन सम्पन्न बनाउँदै लगेको कुराको पनि पन्तले उल्लेख गरेका छन् । यस लेखमा पन्तले सिग्द्यालले गरेको अध्यापकीय कार्यका साथै श्री ५ महेन्द्रबाट प्राप्त मानपदवीको पनि चर्चा गरेका छन् । यस लेखमा पन्तले राणाशासन २००७ साल पूर्व र राजा त्रिभुवन तथा महेन्द्रको पालामा सिग्द्यालले देखाएको पाण्डित्यका बारेमा पनि चर्चा गरेका छन् । यसै गरी पन्तले सिग्द्यालको पारिवारिक स्थिति र उनको अन्तिम अवस्थाका बारेमा पनि उल्लेख गरेका छन् । यसरी प्रस्तुत लेखमा पन्तले सिग्द्यालको जीवनका सम्पूर्ण क्रियाकलापको चर्चा गर्दै उनको पाण्डित्य र दर्शनप्रति बढी झुकाव रहेको कुरा बताएका छन् ।

(११) नयराज पन्त, 'गुरुज्यू हेमराजका विषयमा विदेशी विद्वान्हरूको विचार', पूर्ववत्, २०२९, पृ. २२८-२५२ ।

नयराज पन्तले 'गुरुज्यू हेमराजका विषयमा विदेशी विद्वान्हरूको विचार' शीर्षकको लेख लेखेका छन् । यो लेख **पूर्णिमा** पत्रिकामा प्रकाशित छ । विदेशी विद्वान्हरूका सबैजसो श्लोकहरू संस्कृत र हिन्दीमा लेखिएकाले पन्तले ती

श्लोकहरूलाई नेपालीमा उल्था गरेको कुरा उल्लेख गरेका छन् । यस क्रममा पन्तले सिग्द्यालले पनि गुरुज्यू हेमराजका विषयमा उल्लेख गर्नुका साथै शास्त्रार्थको वर्णन र महिला गुरुज्यूको तेजोबध गर्न भनी सच्चिदानन्दालाई उठाई ल्याएको कुराको पनि उल्लेख गरेका छन् । यस लेखमा पन्तमा चन्द्र शमशेरको गद्दीमा सच्चिदानन्दले आसन पाएको र उनले महिला गुरुलाई चुप पारिदिएको कुराको पनि चर्चा गरेका छन् । यस लेखमा पन्तले पण्डित हेमराजका विषयमा विभिन्न विद्वान्हरूले व्यापक रूपमा चर्चा-परिचर्चा गरेको कुरा बताएका छन् ।

(१२) नयराज पन्त, 'विद्वच्छिरोमणि हेमराज र पण्डितराज सोमनाथको सम्बन्ध', पूर्ववत्, २०२९, पृ. २६४-२६८ ।

नयराज पन्तले 'विद्वच्छिरोमणि हेमराज र पण्डितराज सोमनाथको सम्बन्धमा' शीर्षकको लेख लेखेका छन् । यो लेख **पूर्णिमा** पत्रिकामा प्रकाशित छ । यस लेखमा उनले हेमराज र सोमनाथको जन्म, मृत्यु र शिक्षा-दीक्षाको चर्चा गर्दै दुवै जना संस्कृत शिक्षामा उच्च तहसम्म पुगेको र दुवैले पाण्डित्य पूर्ण कृति छोडेर गएको कुरा उल्लेख गरेका छन् । चालीस वर्षसम्म यी दुवैका बीच घनिष्ट सम्बन्ध रहेको उल्लेख गर्दै दुवैले आआफ्ना रचनामा एकअर्काका परस्पर प्रशंसा गरेको चर्चा पनि गरेका छन् । पन्तले सिग्द्यालको **आदर्शराघव**मा हेमराजले प्रस्तावना लेखेको कुरा पनि यसमा उल्लेख गरेका छन् । यी विभिन्न कुराहरूलाई हेर्दा हेमराज र सोमनाथका बीच धेरै वर्षसम्म राम्रो सम्बन्ध भएको कुरा पन्तको प्रस्तुत लेखबाट थाहा पाउन सकिन्छ ।

(१३) सम्पादकीय, 'अपूरणीय क्षति', **गोरखापत्र**, (वर्ष ७३, अङ्क १६६, कात्तिक ५ गते, २०२९), पृ. ४ ।

'अपूरणीय क्षति' शीर्षकको लेख गोरखापत्रका सम्पादकले लेखेका हुन् । सिग्द्यालको देहावसान पछि एक संस्मरणात्मक लेख **गोरखापत्र**का सम्पादकले प्रकाशित गरेका छन् । यो लेख वि. सं. २०२९ साल कार्तिक ५ गते शनिवार **गोरखापत्र**को सम्पादकीयमा प्रकाशित छ । यस लेखमा सम्पादकले सिग्द्यालको निधनले सम्पूर्ण संस्कृत समाज र नेपाल अधिराज्य भरिका सम्पूर्ण साहित्यिक समाज शोकविह्वल

भएको कुरा व्यक्त गरेका छन् । यस लेखमा सम्पादकले सिग्द्यालको व्यक्तित्व नेपालका साथै विदेशमा पनि चर्चित भएको कुरा उल्लेख गरेका छन् । सिग्द्यालको व्यक्तित्वका बारेमा चर्चा गर्ने क्रममा उनी काशीबाट फर्केपछि रानीपोखरी पाठशालामा प्रधानाध्यापकको रूपमा कार्य गर्न थालेको कुराको पनि उल्लेख गरेका छन् । यस लेखमा सिग्द्यालले प्रज्ञा प्रतिष्ठानमा रहँदा गम्भीर पाण्डित्यपूर्ण **साहित्यप्रदीप** जस्तो लक्षणग्रन्थ प्रकाशित गरेका कुराको पनि चर्चा गर्दै नेपाली साहित्य र वाङ्मयका क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने व्यक्तित्वलाई गुमाउनु परेको र अब त्यस्तो व्यक्तित्वको अभाव हुने कुराको पनि सम्पादकले चर्चा गरेका छन् । यस लेखमा सम्पादकले वीर पुस्तकालयमा रहेको विभिन्न हस्तलिखित सामग्रीहरूलाई लिपिका आधारमा विषय छुट्याउने काम सर्वप्रथम सिग्द्यालले गरेका, त्यसपछि देवनागरी लिपि र अन्य लिपिको अभ्यास भएको पनि चर्चा गरेका छन् । यस लेखमा सिग्द्यालका प्रकाशित कृतिहरू **आदर्शराघव**, **मध्यचन्द्रिका**, **अनर्धराघव, प्रतिसंस्कृतासिद्धान्तकौमुदी**का बारेमा पनि सम्पादकले चर्चा गरेका छन् । सिग्द्यालले न्याय वा साहित्य जुनसुकै विषय पढाउँदा पनि सरल र सहज भाषाशैलीको प्रयोग गरेको कुरा उल्लेख गर्दै उनको संस्कृत लेखन र बोलचाल समान रूपले अगाडि बढ्दै आएको कुरा पनि सम्पादकले यस लेखमा बताएका छन् । यस लेखमा संस्कृत र नेपाली साहित्यका बहुमुखी प्रतिभाका रूपमा प्रतिष्ठित व्यक्तित्व सिग्द्यालको वियोगमा सम्पूर्ण साहित्यिक परिवार शोकमग्न भएको कुराको चर्चा गर्दै उनको शोकसन्तप्त परिवारप्रति सहानुभूति प्रकट गरिएको सन्दर्भ पनि व्यक्त भएको छ ।

(१४) लक्ष्मीनाथ शर्मा, 'अठासी वर्षका सिग्द्याल', **गोरखापत्र**, (वर्ष ७२, अङ्क **१५५**, आश्विन २०२९), पृ. ७ ।

लक्ष्मीनाथ शर्माद्वारा लेखिएको 'अठासी वर्षका सिग्द्याल' शीर्षकको लेख **गोरखापत्र**मा प्रकाशित छ । यस लेखमा शर्माले सिग्द्यालको पारिवारिक जीवनको चर्चा गर्दै कठोर राणाशासनको दमन नीति बाबजुद पनि सिग्द्यालले **सूक्तिसुधा** प्रकाशित गरेको कुराको चर्चा गरेका छन् । यस लेखमा सिग्द्यालले वि. सं. १९६३ असार १

गतेदेखि **सुन्दरी** नामक पत्रिकाको सम्पादन र **दिगम्बर विवाह** नामक प्रहसन नाटक लेखेको कुरा शर्माले उल्लेख गरेका छन् । यस लेखमा शर्माले सुरुमा सिग्द्याल रसिक कविका रूपमा रहेको र पछि शास्त्रीयता र आदर्शतर्फ ढल्केको कुराको पनि सङ्केत गरेका छन् । यसमा शर्माले सिग्द्याललाई नेपाली साहित्यका क्षेत्रमा पूर्ण र आदर्शवादी कवि भनेका छन् । शर्माले सिग्द्यालका अप्रकाशित कृतिहरूबाहेक **आदर्शराघव**, **साहित्यप्रदीप**, **मध्यचन्द्रिका**, **लघुचन्द्रिका** र **प्रतिसंस्कृतासिद्धान्तकौमुदी**लगायत अन्य प्रकाशित कृतिहरूका बारेमा पनि यस लेखमा चर्चा गरेका छन् । यस लेखमा सिग्द्यालले आफ्नै गहन अध्ययन र चिन्तनबाट **साहित्यप्रदीप** र संस्कृत साहित्यका विद्वान्हरूबाट प्रभावित भई **आदर्शराघव**को रचना गरेको कुरा पनि शर्माले उल्लेख गरेका छन् । यसमा शर्माले सिग्द्याल नेपाली व्याकरणका साथै वेदान्तको सबैभन्दा राम्रो, उच्च र गहन अध्ययन गर्ने व्यक्तित्वमध्ये एक हुन् भन्ने कुरा व्यक्त गरेका छन् । यस लेखमा शर्माले **सूक्तिसिन्धु** कवितासङ्ग्रहका आधारमा सोमनाथ, लेखनाथ र चक्रपाणिलाई क्रमशः पहिलो, दोस्रो र तेस्रो दर्जामा राखेर मूल्याङ्कन गरेका छन् । यस लेखमा शर्माले समयको मागअनुसार नयाँनयाँ विचारधारा अगाडि आएका तर सिग्द्याल कर्मकाण्डका धुरन्धुर विद्वान् भएकाले दरबारतिरै अल्मलिई अगाडि बढ्न सकेनन् भन्दै उनी **आदर्शराघव** र **साहित्यप्रदीप**को घेराभित्र कुण्ठित रहेको बारे टिप्पणी गरेका छन् । शर्माले सिग्द्याल आफ्ना विषयका ठूला विद्वान्, असल वक्ता, संस्कृत र नेपाली भाषाका उत्तिकै दक्ष व्यक्तित्व भएकाले अठासी वर्ष पुग्दा पनि काव्य र कविता लेख्न बाँकी छ भनेर छटपटाइरहेको अवस्थाका बारेमा पनि यस लेखमार्फत जानकारी गराएका छन् ।

(१५) सरदार रुद्रराज पाण्डेय, 'केही विद्वान्हरूको सम्झनामा', **गोरखापत्र**, (वर्ष ७२, अङ्क १९७, फाल्गुण २०२९), पृ.५ ।

'केही विद्वान्हरूको सम्झनामा' शीर्षकको लेख सरदार रूद्रराज पाण्डेयले लेखेका हुन् । यो लेख **गोरखापत्र**मा प्रकाशित छ । यस लेखमा पाण्डेयले सिग्द्यालको मृत्युपछि उनको सम्झनामा विभिन्न सङ्घसंस्थाबाट आयोजना गरिएका शोकसभा र विभिन्न संस्मरणात्मक कार्यलाई समेटेका छन् । यस लेखमा पाण्डेयले विशेषगरी सिग्द्याल र

अन्य चर्चित विद्वान्को मृत्यपछिको स्थितिका बारेमा चर्चा गरेका छन । यसमा पाण्डेयले संस्कृत तथा नेपालीका प्रकाण्ड विद्वान्हरूको मृत्युपश्चात् ठाउँ-ठाउँमा आयोजना गरिएका शोकसभाका बारेमा चर्चा गर्नुका साथै सरकारबाट त्यस्तो व्यक्तित्वको जति मात्रामा कदर हुनुपर्ने हो सो नभएको कुरा पनि उल्लेख गरेका छन् । यस लेखमा पाण्डेयले यस्ता विद्वान्हरूको साहित्यिक क्षेत्रमा कमी नहुने तर सम्पूर्ण क्षेत्रमा दक्खल भएको कुशल र योग्य व्यक्तित्व भने प्राप्त गर्न कठिन हुने कुरा पनि बताएका छन् । यस लेखमा पाण्डेयले विद्वच्छिरोमणि पण्डित कुलचन्द्र गौतम, राजगुरु पण्डित हेमराज पाण्डे र पण्डितराज सोमनाथ सिग्द्याल हाम्रा संस्कृति हुन् भन्दै सिग्द्याल र हेमराजको जोडी मिलेको प्रसङ्ग उल्लेख गरेका छन् र नेपाली वाङ्मयका क्षेत्रमा दुवैको उत्तिकै योगदान रहेको कुराको पनि चर्चा गरेका छन् । यस लेखमा पाण्डेयले महापुरुषको मृत्युले मुलुकमा ठूलो क्षति पुग्ने र त्यस्तो अभावको कसरी पूर्ति गर्ने भन्ने सम्बन्धमा कतै चर्चा नभएको कुरा पनि बताएका छन् ।

(१६) रासस, 'पण्डितराजको स्वर्गवास', **गोरखापत्र**, (वर्ष ७३,अङ्क १६५, कात्तिक ४ गते, २०२९), पृ. १ ।

'पण्डितराजको स्वर्गवास' शीर्षकको समाचारमूलक लेख राससले **गोरखापत्र**मा प्रकाशित गरेको छ । यस लेखमा राजकीय प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्य पण्डितराज सोमनाथ सिग्द्यालको काशीमा निधन भएको र त्यतिबेला उनको उमेर अठासी वर्ष भएको कुराको चर्चा गरिएको छ । यस लेखमा सिग्द्यालको पारिवारिक जीवन, उनले साहित्यका क्षेत्रमा गरेको योगदानवापत् प्राप्त पण्डितराजको उपाधि (२०१६) र त्रिभुवन पुरस्कार (२०२४) को पनि चर्चा गरिएको छ । यस लेखमा सिग्द्याल, **सुन्दरी** मासिक पत्रिकाका सम्पादक साथै उनले **लघुचन्द्रिका**, **आदर्शराघव**, **साहित्यप्रदीप** र **प्रतिसंस्कृतासिद्धान्तकौमुदी**जस्ता महत्त्वपूर्ण कृतिहरू प्रकाशित गरेको कुरा पनि उल्लेख गरिएको छ । यस लेखमा सिग्द्याल गोरखा दक्षिणबाहुबाट तथा दीर्घ सेवा पदबाट विभूषित थिए भनेर पनि बताइएको छ ।

(१७) रासस, 'श्री व्यथितद्वारा समवेदना', **गोरखापत्र**, (वर्ष ७३, अङ्क १६५, २०२९), पृ. १ ।

'श्री व्यथितद्वारा समवेदना' शीर्षकको लेख **गोरखापत्र**मा प्रकाशित छ । यस लेखमा व्यथितले पण्डितराज सोमनाथ सिग्द्यालको देहावसान भएकोमा दुःख व्यक्त गर्दै उनले संस्कृत तथा नेपाली भाषा साहित्यमा चार-पाँच दशकदेखि अभूतपूर्व योगदान गर्दै आएका र उनको निधनले बौद्धिक र साहित्यिक जगत्मा अपूरणीय क्षति पुग्न गएको कुराको पनि चर्चा गरेका छन् । यस लेखमा व्यथितले सिग्द्यालको दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति समवेदना प्रकट गरेका छन् ।

(१८) नयराज पन्त, 'श्री ५ महराजधिराज महेन्द्र वीरविक्रम शाहदेवको स्वर्गारोहण', ((**पूर्णिमा**, (वर्ष ७, अङ्क ४, २०२९), पृ. ११५-११८ ।

'श्री ५ महाराजधिराज महेन्द्र वीरविक्रम शाहदेवको स्वर्गारोहण' शीर्षकको लेख नयराज पन्तले लेखेका हुन् । यो लेख **पूर्णिमा** पत्रिकामा प्रकाशित छ । यस लेखमा वि. सं. २००५ सालतिर पण्डितराज सोमनाथ सिग्द्याल दरबारको पण्डित थिए भन्ने कुरा पन्तले बताएका छन् ।

(१९) यदुनाथ खनाल, 'पण्डितराज सोमनाथ सिग्द्याललाई फर्केर हेर्दा', **मधुपर्क**, (वर्ष ७, अङ्क ६, काठमाडौँ २०३१), पृ. ९९-१०९ ।

'पण्डितराज सोमनाथ फर्केर हेर्दा' शीर्षकको लेख यदुनाथ खनालले लेखेका हुन् । यो लेख **मधुपर्क** पत्रिकामा प्रकाशित छ । यस लेखमा खनालले आफू सानो छँदादेखि नै सिग्द्यालको बारेमा चर्चा सुनेको र पछि उनका थुप्रै ग्रन्थहरू पढ्ने अवसर पाएको कुरा व्यक्त गरेका छन् । यस लेखमा सिग्द्यालले शास्त्री र आचार्य कक्षाका विद्यार्थीहरूलाई **नैषधीय चरित**, **साहित्यदपण, काव्यशास्त्र** र **धर्मशास्त्र**का सूत्र र स्मृति पढाएको कुराको चर्चा खनालले गरेका छन् । यस लेखमा खनालले सिग्द्यालको पढाउने शैली ऐतिहासिक र आलोचनात्मक भएको टिप्पणी गरेका छन् । यस लेखमा सिग्द्यालले अश्वघोष, भास, कालिदास, भारवि, माघ र श्रीहर्ष जस्ता कविहरूका शैलीमा रहेको विभिन्नतालाई

झल्काएर संस्कृत साहित्यको इतिहासप्रति ध्यान आकर्षण गराउने प्रयत्न गरेको खनालले उल्लेख गरेका छन् । यसमा खनालले सिग्द्याललाई आधुनिक भाषा विज्ञानको इतिहास र संस्कृत साहित्यको इतिहासमा रुचि राख्ने व्यक्तित्वका रूपमा चर्चा गर्दै उनलाई बहुमुखी प्रतिभाका धनी एवम् प्रकाण्ड विद्वान्का रूपमा रहेको पनि उल्लेख गरेका छन् । खनालले यस लेखमा सोमनाथले **मध्यचन्द्रिका**का माध्यमबाट नेपाली भाषाको विकास र परिष्कारमा गरेको उल्लेख गर्दै उनको **प्रतिसंस्कृतासिद्धान्तकौमुदी**, **आदर्शराघव**को रचना गरी नेपाली र संस्कृत व्याकरणको परिष्कार एवम् नेपाली र संस्कृत साहित्यको अभिवृद्धिमा योगदान पुऱ्याएको उल्लेख गरेका छन् । यस लेखमा खनालले सिग्द्यालका जीवनमा घटेका विभिन्न घटनाहरूको चर्चा गर्दै सोमनाथ र हेमराजबीचको सम्बन्धमा बारेमा पनि उल्लेख गरेका छन् । यस लेखमा खनालले नयराजको रचना, नैषधीय चरितको वर्णन, नल र दमयन्तीको चरित्रोत्कर्षद्वारा सात्विक प्रेममा जोड र सोमनाथको सन्तुलित चरित्र उतार्ने मूल प्रसङ्गको उल्लेख गरेका छन् । यस लेखमा सिग्द्याललले आफ्नो जीवनकालमा गरेको साहित्यिक योगदानका साथै अन्य क्रियाकलापका बारेमा पनि लेखक खनालले उल्लेख गरेका छन् ।

(२०) सुकुम शर्मा, 'व्याकरणकार सोमनाथ शर्मा र उनको मध्यचन्द्रिकाको देन', **शार्दूल**, (वर्ष १, अङ्क १, २०५१), पृ. ५१-५५ ।

सुकुम शर्माद्वारा लेखिएको व्याकरणकार सोमनाथ शर्मा र उनको मध्यचन्द्रिकाको देन' शीर्षकको लेख **शार्दूल** पत्रिकामा प्रकाशित छ । यस लेखमा शर्माले सिग्द्याललाई नेपाली व्याकरणका क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्नुका साथै साहित्यशास्त्र, दर्शन र कविता आदि क्षेत्रमा राम्रो दक्खल भएका व्यक्तित्वका रूपमा चर्चा गरेका छन् । यस लेखमा सिग्द्याललले **साहित्यप्रदीप**, **आदर्शराघव** जस्ता महत्त्वपूर्ण कृति प्रकाशित गरेको चर्चा गर्दै उनी संस्कृत भाषा व्याकरणका धुरन्धुर विद्वान् भएको शर्माले उल्लेख गरेका छन् । यस लेखमा शर्माले नेपाली भाषा साहित्यमा समेत महत्त्वपूर्ण योगदान गर्न सफल रहेका छन् भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । यस लेखमा शर्माले सिग्द्यालको काव्यकला परिष्कारयुक्त र बौद्धिकताले जेलिएको, जति

चिरफार गर्‍यो उति नै रसिलो र सुस्वाद्य छ भनी उल्लेख गरेका छन् । यस लेखमा सिग्द्याललले **सुन्दरी** पत्रिकाको सम्पादन र प्रकाशनपछि **चन्द्रिका व्याकरण**का आधारमा **मध्यचन्द्रिका** लेखेर नेपाली व्याकरणको शुद्ध रूपको परिचय दिएको कुरा लेखकले व्यक्त गरेका छन् । यसमा सिग्द्याललले **साहित्यप्रदीप**जस्तो लक्षणग्रन्थ र **आदर्शराघव**जस्तो उच्च कोटिको महाकाव्य लेखेर नेपाली भाषा साहित्यको शिर उच्च गराउने प्रयास गरेको कुरा पनि शर्माले उल्लेख गरेका छन् । यसैगरी शर्माले व्याकरणकार सिग्द्याल पूर्वको नेपाली व्याकरणको परम्पराको चर्चा गर्दै यिनको व्याकरणिक कार्यको रेखाङ्कन गरेका छन् । सिग्द्याललले मध्यचन्द्रिकामा दिएको योगदानको मूल्याङ्कन गर्नुका साथै वि. सं. १९७६ को **मध्यचन्द्रिका**को पहिलो संस्करण र पछिल्लो संस्मरणबीचको भिन्नतालाई देखाएर यसका विशेषता र प्राप्तिलाई पनि शर्माले यस लेखमा औँल्याएका छन् । यस लेखमा शर्माले सिग्द्याललाई व्याकरणकार र व्याकरणिक कार्यका आधारमा उनको व्यक्तित्वको चर्चा गरेका छन् । यसमा शर्माले सिग्द्यालका प्रकाशित व्याकरण कृतिहरू **मध्यचन्द्रिका** (१९७६) र **लघुचन्द्रिका** (१९९१) बढी महत्त्वपूर्ण हुनाका साथै यी दुई व्याकरण मुख्य रूपले पाठ्य व्याकरणको खाँचोलाई पूरा गर्ने उद्देश्यले लेखिएको भनी उल्लेख गरेका छन् । यस क्रममा उनले **मध्यचन्द्रिका**ले नेपाली व्यारकणका परम्परामा महत्त्वपूर्ण योगदान दिएको निष्कर्ष प्रस्तुत गरेका छन् ।

(२१) दैवज्ञराज न्यौपाने, 'रसवादी कविका रूपमा सोमनाथ सिग्द्याल', **वाङ्मय**, (वर्ष १३, अङ्क ७, २०५३-५४), पृ. ६६-७५ ।

दैवज्ञराज न्यौपानेले 'रसवादी' कविका रूपमा सोमनाथ सिग्द्याल शीर्षकको लेख लेखका हुन् । यो लेख वाङ्मय पत्रिकामा प्रकाशित छ । न्यौपाने सिग्द्यालको साहित्यका बारेमा अध्ययन गर्नेहरूमध्ये प्रमुख हुन् । यस लेखमा न्यौपानेले सिग्द्याललाई रसवादी कविका रूपमा चर्चा गर्दै उनको काव्य सिर्जना र प्राप्त हुने रसाभिव्यक्तिका उदाहरण र तिनका निमित्त कवि सिग्द्याललले प्रतिपादन गरेका रसयोजनका उपकरणहरूको निरूपण गरेका छन् । यस लेखमा न्यौपानेले रसको निष्पादनका निम्ति आवश्यक पर्ने विभावादि र रस उपकरणहरूको पहिचान गरी सबै रसको यथोचित विश्लेषण गर्दै

निष्कर्ष दिएका छन् । यस क्रममा न्यौपानेले सुरुमा सिग्द्यालको जीवनीको चर्चा गर्दै उनको अध्ययन-अध्यापन कार्यका साथ प्रकाशित कृतिहरूका बारेमा पनि उल्लेख गरेका छन् । यस लेखमा भरतमुनिले प्रस्तुत गरेको रससूत्रलाई आधार बनाउँदै विभाव, अनुभाव र व्यभिचारी भावको संयोगले रसको निष्पत्ति हुन्छ भनी सिग्द्यालले व्याख्या गरेको कुरा न्यौपानेले उल्लेख गरेका छन् । उनले अनेक व्यञ्जनको योगबाट विचित्र आस्वाद सृजना भएजस्तै भावहरूको अभियनबाट परिपुष्ट भई स्थायी भावविशेषको मानसिक आनन्दमय आस्वादका रूपमा तयार हुने पदार्थ रस हो भन्दै रसका बारेमा अभिव्यक्ति दिएको कुरा न्यौपानेले उल्लेख गरेका छन् । यस लेखमा न्यौपानेले **आदर्शराघव** महाकाव्यमा प्रयुक्त रसहरूको स्थिति देखाउन खोजेका छन् । यस लेखमा न्यौपानेले **आदर्शराघव**मा विभाव, अनुभाव र व्यभिचारी भावसँग कहाँ ?, कसरी ? र कस्तो ? संयोग भई रसको निष्पत्ति हुन्छ भन्ने कुराको समेत चर्चा गरेका छन् । यस लेखमा सिग्द्याल नेपाली काव्य परम्पराका सफल रसवादी कवि हुन् भन्ने कुरा सिद्ध गर्ने प्रयत्न न्यौपानेले गरेको देखिन्छ ।

(२२) केशवप्रसाद उपाध्याय, 'परिष्कारवादी महाकाव्य आदर्शराघवको अन्तर्निरीक्षणमा', **गरिमा**, (वर्ष १७, अङ्क ६, २०५६), पृ. १३-१७ ।

केशवप्रसाद उपाध्यायद्वारा लेखिएको 'परिष्कारवादी महाकाव्य आदर्शराघवको अन्तर्निरीक्षणमा' शीर्षकको समालोचनात्मक लेख **गरिमा** पत्रिकामा प्रकाशित छ । प्रस्तुत लेखमा उपाध्यायले महाकाव्य लेखनको प्रथम प्रयास उदयानन्द अर्यालबाट भएको भन्दै सिग्द्याल वि. सं. २००५ मा **आदर्शराघव** महाकाव्य लिएर देखापरेको चर्चा गरेका छन् । यस क्रममा उनले पूर्वीय परिष्कारवादी धाराका दृष्टिले **आदर्शराघव** उत्तम र विशिष्ट महाकाव्य हो भनी उल्लेख गरेका छन्। उपाध्यायले सिग्द्यालको नेपाली वाङ्मय, व्याकरण र साहित्यशास्त्रका क्षेत्रमा उच्च स्थान रहेको चर्चा गर्दै उनी माघ, भारविजस्तै पाण्डित्य परम्पराका कवि हुन् भनेका छन् । यस लेखमा उपाध्यायले सिग्द्यालको महाकवित्व **आदर्शराघव**का माध्यमबाट प्रकाशनमा आएकोले यो महाकाव्य पूर्वीय परिष्कारवादी धाराको उदाहरणीय कृति बन्न पुगेको कुरा पनि उल्लेख गरेका

छन् । यस लेखमा उपाध्यायले सिग्द्यालको **आदर्शराघव**को कथानक, शैली सङ्क्षिप्त हुनाका साथै यान्त्रिक भएकाले र उनका सारा ध्यान आलङ्कारिक र पाण्डित्य प्रदर्शनमा केन्द्रित भएको कुराको पनि चर्चा गरेका छन् । सिग्द्यालले पूर्वजहरूका पौराणिक कथालाई आधार बनाएर **आदर्शराघव**को रचना गरेको भए पनि यसको कथाविधान, भावविधान, र विचारविधानमा उनको प्रतिभा र पाण्डित्यको प्रशस्त लगानी भएको कुरा उपाध्यायले यस लेखमा प्रकट गरेका छन् । उपाध्यायले सिग्द्यालको प्रतिभा, पाण्डित्य र साधनको संयोजनबाट जन्मेको उत्कृष्ट काव्यको रूपमा **आदर्शराघव**लाई लिनुका साथै यसै कृतिबाट उनको प्रतिभाशाली व्यक्तित्व पनि प्रस्फुटित भएको कुरा यस लेखमा व्यक्त गरेका छन् ।

(२३) डा. रामचन्द्र भट्ट, 'महाकवि सोमनाथ सिग्द्याल र उनको **आदर्शराघव**', **गरिमा**, (वर्ष १८, अङ्क ६, २०५७), पृ. २१-२३ ।

'महाकवि सोमनाथ सिग्द्याल र उनको **आदर्शराघव**' शीर्षकको समालोचनात्मक लेख डा. रामचन्द्र भट्टद्वारा लेखिएको हो । यो लेख **गरिमा** पत्रिकामा प्रकाशित छ । यस लेखमा भट्टले सिग्द्यालको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा गहन अध्ययन गरेका छन् । यस लेखमा भट्टले सिग्द्यालको पाण्डित्यपूर्ण र सिर्जनात्मक प्रतिभालाई **आदर्शराघव**कै विवेचनाका माधयमबाट प्रकाशमा ल्याउने प्रयास गरेका छन् । यस लेखमा भट्टले सिग्द्यालको **आदर्शराघव** महाकाव्य नेपाली साहित्यको महाकाव्य विधामा एउटा अपूर्व कृति हो भन्दै महाकाव्यले संस्कृत साहित्यका भारवि र दण्डीको परम्परालाई अँगालेको कुरा व्यक्त गरेका छन् । यस लेखमा भट्टले समसामयिक सामाजिक चित्रण नसमेट्नु र केवल पूर्व प्रभाको आलोकतर्फ अभिमुख गराउनु यस महाकाव्यको सीमा हो भनेर टिप्पणी गरेका छन् । यस लेखमा भट्टले अतिरञ्जनाको बहिष्कार र स्वाभाविकताको प्रस्तुतीकरण सिग्द्यालको आफ्नै मौलिक उपलब्धि हो भनी चर्चा गरेका छन् । अस्वाभाविकता र अतिरञ्जनाबाट मुक्त हुँदै स्वाभाविक ढङ्गबाट चरित्रचित्रण गर्नु उनको मौलिकता हो भन्ने कुरा पनि यहाँ उल्लेख गरेका छन् । यस लेखमा सिग्द्यालले संस्कृत काव्यको विचित्र मार्गलाई नेपाली काव्यमा अनुसरण गरेको

कुरा पनि भट्टले चर्चा गरेका छन् । सिग्द्यालमा सरल, सरस र स्वतः हृदयपक्षबाट स्फुरण भएका गुणहरू नहुनु यिनका अप्राप्ति हुन् भने विचित्रमार्गी काव्यधारा नेपाली साहित्यमा भित्र्याउनु सोमनाथका मूल प्राप्ति हुन् भन्ने कुराको टिप्पणी गरेका छन् । यस लेखमा भट्टले सिग्द्याललाई पूर्वीय शिल्पवादी धाराका प्रखर स्रष्टाका रूपमा चर्चा गर्दै उनी परिष्कारवादी र शिल्पवादी कवि हुन् भन्ने निष्कर्ष प्रकट गरेका छन् । भट्टले सिग्द्यालको **आदर्शराघव** महाकाव्य नेपाली साहित्यको महत्त्वपूर्ण कृतिका साथै प्रतिनिधि महाकाव्य हो र यो आफैँमा पूर्ण छ भनेर यस लेखमा बताएका छन् ।

(२४) राममणि ढुङ्गाना, 'कवि सोमनाथ सिग्द्याल र उनको **आदर्शराघव**को शल्यक्रिया', **शार्दूल**, (वर्ष १, अङ्क १, २०६०), पृ. ८१-८९ ।

'कवि सोमनाथ सिग्द्याल र उनको **आदर्शराघव**को शल्यक्रिया' शीर्षकको लेख राममणि ढुङ्गानाद्वारा लेखिएको हो । यो लेख **शार्दूल** पत्रिकामा प्रकाशित छ । यस लेखमा ढुङ्गानाले सिग्द्यालको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत रूपले विश्लेषण गर्दै सिग्द्यालले बनारसबाट साहित्ययात्रा सुरु गरेका आफ्नो जीवनको लामो समय साहित्य, भाषा, दर्शन र नीतिजस्ता विविध विषयको सिर्जना, साधनामा खर्च गरेको कुराको चर्चा गरेका छन् । यस लेखमा ढुङ्गानाले विभिन्न कोणबाट **आदर्शराघव**को चर्चा गर्नुका साथै **आदर्शराघव**लाई नेपाली महाकाव्यको उच्चतम प्राप्तिका रूपमा उल्लेख गरेका छन् । यस लेखमा ढुङ्गानाले सिग्द्यालको **आदर्शराघव** महाकाव्य नेपाली महाकाव्यको इतिहासमा छुट्टै अनुहार लिएर देखापरेको महाकाव्य हो र महाकाव्यका मूल्य, मान्यता र सीमाहरू रहेको कुरा उल्लेख गरेका छन् । ढुङ्गानाले **आदर्शराघव** पूर्वीय काव्य लक्षणशास्त्रको मर्यादा पालना गरी नेपालीमा लेखिएको अभूतपूर्व महाकाव्य हो भन्ने निष्कर्ष प्रकट गरेका छन् ।

(२५) रामचन्द्र भट्ट, 'नेपाली महाकाव्य **आदर्शराघव**का प्रवृत्ति र प्राप्ति', **कुञ्जिनी**, (वर्ष ११, अङ्क ८, २०६०), पृ. १८-२० ।

'नेपाली महाकाव्य **आदर्शराघव**का प्रवृत्ति र प्राप्ति' शीर्षकको लेख रामचन्द्र भट्टले लेखेका हुन् । यो लेख **कुञ्जिनी** पत्रिकामा प्रकाशित छ । यस लेखमा भट्टले सिग्द्यालको जीवनीका बारेमा सङ्क्षिप्त चर्चा गर्नुका साथै नेपाली तथा संस्कृत

वाङ्मयका क्षेत्रमा सिग्द्याले पुऱ्याएको योगदानका बारेमा विवेचना गरेका छन् । यस लेखमा भट्टले सोमनाथद्वारा वाल्मीकि **रामायण**को कथालाई स्रोत बनाई **आदर्शराघव** महाकाव्यको रचना गरिएको उल्लेख गरेका छन् । भट्टले यस **आदर्शराघव**का मूल र अवान्तर प्रवृत्तिहरू पनि यस लेखमा उल्लेख गरेका छन् । यस लेखमा सिग्द्यालको शिल्पवादी चेतना र व्युत्पत्ति तत्त्वको प्रबल पक्ष नै **आदर्शराघव** महाकाव्यको मूल प्राप्ति हो भनी उल्लेख गरेका छन् । यस लेखमा भट्टले सिग्द्यालको पाण्डित्यका आधारमा शैल्पिक परिष्कार पूर्तिको निष्ठा नै सोमनाथका मूल काव्यात्मक प्रवृत्ति हुन् भनी उल्लेख गरेका छन् । भट्टले संस्कृत साहित्यमा भारवि, माघ र श्रीहर्षको विचित्रमार्गी परम्परालाई नेपाली साहित्यको महाकाव्य विधामा भित्र्याउनु यिनको मूल प्राप्ति हो साथै यो **आदर्शराघव** महाकाव्य पूर्वीय परम्पराको महाकाव्य कोशेढुङ्गाका रूपमा रहेको चर्चा गरेका छन् । शिल्पविधान, पाण्डित्य र शास्त्रीय बौद्धिक प्रखरतामा बराबरी गर्ने अर्को महाकाव्य नेपाली साहित्यमा नभएकाले यो सबैभन्दा माथिल्लो दर्जाको महाकाव्य मान्नु नै यस लेखको प्राप्ति हो भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

# चौथो परिच्छेद

## सोमनाथ सिग्द्यालसम्बन्धी पुस्तकाकार अध्ययनहरूको सर्वेक्षण

सोमनाथ शर्मा सिग्द्यालका बारेमा विभिन्न लेखक र समालोचकहरूबाट विभिन्न अध्ययनहरू हुँदै आएका छन् । यस अध्ययन परम्परामा सिग्द्यालमै केन्द्रित रहेर लेखिएका पुस्तकहरू र अन्य विभिन्न विषयका सान्दर्भिक रूपमा सिग्द्यालका बारेमा अध्ययन गरिएका पुस्तकाकार कृतिहरूलाई पनि समेटिएको छ । वि. सं. २०१५ देखि २०६४ सम्मको अवधिमा लेखिएका त्यस्ता पुस्तकाकार कृतिहरूको विवेचना यस परिच्छेदमा गरिएको छ । सिग्द्यालसम्बन्धी यस अध्ययन परम्परालाई प्रथमतः कालक्रमिक रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र. सं. | लेखक | शीर्षक | पुस्तक | प्रकाशक | साल | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १ | ऋषभदेव शर्मा | | काव्यमञ्जरी | नेपाल-भारत मैत्री सङ्घ | २०१५ | |
| २ | ताराप्रसाद जोशी | आदर्शराघवको शास्त्रीय विवेचना | आदर्शराघवको शास्त्रीय विवेचना | रत्न पुस्तक भण्डार | २०२७ | १-१५८ |
| ३ | वासुदेव त्रिपाठी | नेपाली साहित्यमा महान् शिल्पी | नेपाली कविताको सिंहावलोकन | साझा प्रकाशन | २०२७ | ८१-८८ |
| ४ | राममणि रिसाल | नेपाली काव्यमा संस्कृत काव्य परम्पराको प्रभाव तथा महाकाव्यकार पण्डितराज श्री सोमनाथ सिग्द्याल | नेपाली कवि र काव्य | साझा प्रकाशन | २०३१ | १-४२ |
| ५ | घटराज भट्टराई | पण्डितराज सोमनाथ | संस्कृतका अमर साहित्यकार | साझा प्रकाशन | २०३४ | २००-२०१ |
| ६ | तीर्थराज सुवेदी र हंशपुरे सुवेदी | पण्डितराज सोमनाथ सिग्द्याल | संस्कृत वाङ्मय सङ्क्षिप्त अध्ययन | पाठ्यक्रम विकास केन्द्र | २०३७ | ४०२-४१५ |
| ७ | नरहरि आचार्य | पण्डितराज सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना | पण्डितराज सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना | सोमनाथ शतवार्षिकी समारोह समिति | २०४१ | १७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | वासुदेवी त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशवराज सुवेदी | कविताका बृहत् तथा बहत्तम रूप | नेपाली कविता भाग ४ | साझा प्रकाशन | २०४६ | ६३-९६ |
| ९ | रजनी ढकाल | सोमनाथ शर्मा सिग्द्याल | केही नेपाली समालोचकहरू | असीम प्रकाशन ललितपुर | २०५८ | १९-२० |
| १० | राजेन्द्र सुवेदी | सोमनाथ सिग्द्याल | नेपाली समालोचना परम्परा र प्रवृत्ति | पाठ्य सामग्री पसल, काठमाडौँ | २०६१ | १४२-१४३ |
| ११ | महादेव अवस्थी | महाकाव्यकार सोमनाथ सिग्द्याल यात्रा, प्रवृत्ति र योगदान | आधुनिक नेपाली खण्डकाव्य र महाकाव्यको विमर्श | इन्टेलेक्चुअल्ज बुक प्यालेस | २०६४ | ११२-११८ |

(१) ऋषभदेव शर्मा, **काव्यमञ्जरी**, काठमाडौँ : नेपाल-भारत मैत्री सङ्घ, २०१५ ।

ऋषभदेव शर्मा, सोमनाथ सिग्द्यालका बारेमा अध्ययन गर्ने पहिलो व्यक्तित्व हुन् । **काव्यमञ्जरी** नामक पुस्तकमा शर्माले नवरस काव्यका गुण, रीति र अलङ्कारको विस्तृत रूपले चर्चा गरेका छन् । यस क्रममा शर्माले सिग्द्यालका उत्कृष्ट पङ्क्तिहरूलाई रस, गुण, रीति र अलङ्कारका उदारहण प्रस्तुत गरेका छन् ।

(२) डा. तारानाथ जोशी, **आदर्शराघवको शास्त्रीय विवेचना**, काठमाडौँ : रत्न पुस्तक भण्डार, २०२७, पृ. १-१५८ ।

तारानाथ जोशीको **आदर्शराघवको शास्त्रीय विवेचना** (२०२७) सोमनाथका अध्ययनमा केन्द्रित पहिलो पुस्तकाकार कृति हो । जोशीले सोमनाथका बारेमा विभिन्न समयमा लेखेका र पूर्वप्रकाशित लेखहरूको सङ्कलनका रूपमा यो कृति प्रकाशित गरेका छन् । यसका सबै लेखहरू सोमनाथको **आदर्शराघव** महाकाव्यमा केन्द्रित छ ।

प्रस्तुत ग्रन्थमा प्रारम्भमा नेपाली साहित्यका तीन जना विशिष्ट व्यक्तित्व सर्वश्री बालकृष्ण सम, वासुदेव त्रिपाठी र तारानाथ शर्माका भूमिकाका साथै लेखक स्वयम्को भूमिका पनि छ । यी मध्ये बालकृष्णले 'ग्रन्थ देख्दा' शीर्षकको भूमिकामा नेपाली साहित्यका वरिष्ठ विद्वान् तथा कवि सोमनाथको **आदर्शराघव** महाकाव्यको विवेचनासँग

सम्बद्ध कृति प्रस्तुत गरेकोमा लेखक जोशीलाई धन्यवाद दिँदै प्रकट गरेका छन् । त्यस्तै वासुदेव त्रिपाठीले 'मन्तव्य' शीर्षकको लेखमा नेपाली वाङ्मयका प्रकाण्ड विद्वान् एवम् पूर्वीय काव्यशास्त्रका अनुशासनमा लेखिएको **आदर्शराघव** महाकाव्यमा विविध पक्षको गहन विवेचना गरी ताराप्रसाद जोशीले नेपाली समालोचना परम्परालाई महत्त्वपूर्ण योगदान दिएको कुरा निष्कर्षका रूपमा प्रस्तुत गरेका छन् । यसै गरी तारानाथ शर्माले 'यस ग्रन्थका विषयमा' शीर्षकको भूमिकामा जोशीले तयार पारेको प्रस्तुत कृति आफैँमा पूर्ण छ र यसले जोशीको समालोचना सामर्थ्य उद्घाटित गरेको छ भन्दै **आदर्शराघव** महाकाव्यको शास्त्रीय विवेचना जस्तो कठिन एवम् महत्त्वपूर्ण कार्य गरेकोमा समालोचक जोशीप्रति साधुवाद प्रकट गरेका छन् । यस क्रममा स्वयम् जोशीले पनि यसमा आफ्नो 'भूमिका' प्रस्तुत गरेका छन् । उक्त भूमिकामा यो विषय चयन गर्नुको आधार आफूले अँगालेको समालोचनाको मापदण्ड सङ्केत गरेका छन् र नेपाली कविताका परम्परामा सोमनाथका योगदानको निरुपण गर्ने आफूले सक्दो प्रयत्न गरेको कुरा उल्लेख गरेका छन् ।

ताराप्रसाद जोशीद्वारा प्रस्तुत गरिएको **आदर्शराघव**को शास्त्रीय विवेचना नामक प्रस्तुत कृति जम्मा १० वटा शीर्षकअन्तर्गत विभिन्न उपशीर्षकमा संरचित छ । यसका प्रत्येक शीर्षक वा परिच्छेदमा गरिएको अध्ययन र विवेचनाबारे क्रमशः तलका अनुच्छेदमा चर्चा गरिएको छ ।

प्रस्तुत कृतिको पहिलो शीर्षकमा सोमनाथ पूर्वका नेपाली कविताका बारेमा जोशीले चर्चा गर्दै सुवानन्ददासदेखि सिग्द्यालसम्मका कविहरूका कविताका बारेमा पनि चर्चा गरेका छन् ।

प्रस्तुत कृतिको दोस्रो शीर्षकमा जोशीले पण्डितराज सोमनाथ सिग्द्यालको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा गरेको अध्ययनको चर्चा गर्दै उनले संस्कृत तथा नेपाली साहित्यमा गरेको योगदानको बारेमा पनि उल्लेख गरेका छन् । सिग्द्यालले दस वर्ष परिश्रम लगाएर रचना गरेको व्याकरणग्रन्थ र **प्रतिसंस्कृतासिद्धान्तकौमुदी**का बारेमा पनि जोशीले चर्चा गरेका छन् ।

प्रस्तुत कृतिको तेस्रो शीर्षकमा जोशीले काव्यको स्वरूप र विभाजनलाई विभिन्न कोणबाट व्याख्या विश्लेषण गर्दै कविको भाव नै काव्य हो भन्दै काव्यका विभिन्न भेद र उपभेदहरूको बारेमा पनि विश्लेषण गरेका छन् ।

प्रस्तुत कृतिको चौथो शीर्षकमा जोशीले महाकाव्यको स्वरूपका बारेमा चर्चा गर्दै महाकाव्यको वर्गीकरण गरेका छन् । प्रस्तुत कृतिको पाँचौँ शीर्षकमा महाकाव्यको स्वरूप कस्तो हुनुपर्छ भन्ने बारेमा ड्राइडेन, कुन्तक र अरस्तुले व्यक्त गरेको विचार महाकाव्यको स्वरूप र मान्यताबारे समयानुसार विद्वान्हरूको विचार र धारणा बदलिँदै गएको कुराको समेत उल्लेख गरेका छन् ।

प्रस्तुत कृतिको छैटौँ शीर्षकमा जोशीले महाकाव्यका विभिन्न भेदहरू हुँदाहुँदै पनि महाकाव्यमा हुनुपर्ने अनिवार्य तत्त्वहरू कथानक, चरित्र, शैली, उद्देश्य र वातावरण उल्लेख गरेका छन् । यस कृतिमा जोशीले महाकाव्यमा कथावस्तुको स्थान उच्च हुनुपर्दछ र कथावस्तु नै महाकाव्यका लागि सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो भन्ने कुराको उल्लेख गरेका छन् । आदिकवि भानुभक्त आचार्यको **रामायण** र पण्डितराज सोमनाथ सिग्द्यालको **आदर्शराघव**को तुलना गर्दै भानुभक्तले अध्यात्म **रामायण**को विस्तृत कथानकलाई सङ्क्षेपीकरण गर्दै **भानुरामायण** र सिग्द्यालले वाल्मीकि **रामायण**को विशाल कथानकलाई छाटकाँट गरेर **आदर्शराघव** प्रस्तुत गरेको कुराको समेत यस कृतिमा छ । यस कृतिमा जोशीले **आदर्शराघव**का नायक राघव यस कथाका लागि फलभोगी हुन् र राघवको कथा नै यसको आधिकारिक कथा हो भने विश्वामित्र, जनक, परशुराम, कैकेयी, भरत, शूपर्णखा, राघव, हनुमान् आदिका कथाहरू प्रासङ्गिक कथानक हुन् भनेर उल्लेख गरेका छन् ।

प्रस्तुत कृतिको सातौँ शीर्षकमा सिग्द्यालको **आदर्शराघव** महाकाव्यलाई चरित्रप्रधान महाकाव्यका रूपमा व्याख्या गर्दै जोशीले प्रमुख पात्र राघव (राम), सीता र रावणको चरित्रचित्रण गरेका छन् । यस कृतिमा जोशीले **आदर्शराघव** महाकाव्यका नायक राघव, आदर्श मानव, आदर्श पति र आदर्श राजाको रूपमा राघवको चरित्रको विश्लेषण गर्दै यस महाकाव्यका प्रधान पात्रहरूमध्ये दोस्रो स्थानमा रहेकी यस

महाकाव्यकी नायिका सीतालाई राघवकी सहधर्मिणी, जीवनज्योति जगाउने महादीप र नारीभावना जागृत गराउने अमर प्रतिभाका रूपमा उल्लेख गरेका छन् । तेस्रो स्थानमा रहेको रावण सुवर्णपुरी लङ्काको अधिपति र प्रतिनायकका रूपमा अङ्कित छ भनेर उल्लेख गरेका छन् । यस कृतिमा सिग्द्यालको **आदर्शराघव** महाकाव्यलाई प्राकृतिक र विश्वसनीय रूपमा प्रस्तुत गर्दै पुरणकालका अतिरञ्जनात्मक एवम् अतिप्राकृतिक अंशलाई पुरै बहिष्कार गरेका कुरा जोशीले उल्लेख गरेका छन् ।

प्रस्तुत कृतिको आठौँ शीर्षकमा आदर्शराघवका प्रकृति प्रयोग, रस विनियोजन र दार्शनिकताका बारेमा विभिन्न उपशीर्षकमा विश्लेषण छ । यस कृतिमा जोशीले **आदर्शराघव** महाकाव्यमा प्रकृति प्रयोग कहाँ र कसरी भएको छ भनेर चर्चा गर्दै यस महाकाव्यमा रस विनियोजन प्रक्रिया कहाँ र कसरी प्रयोग भएको छ साथै **आदर्शराघव** महाकाव्यमा प्रयोग भएको नवरसका बारेमा पनि उल्लेख गरेका छन् । यस कृतिमा जोशीले सिग्द्यालको दार्शनिक मौलिकतामा भन्दा दार्शनिक उपलब्धिका क्षेत्रमा बढी योगदान रहेको चर्चा गरेका छन् ।

प्रस्तुत कृतिको नवौँ शीर्षकमा जोशीले **आदर्शराघव**को संरचना र शिल्पलगायत शैली पक्षको विवेचना गरेका छन् । यस कृतिमा जोशीले सिग्द्यालको महाकाव्य **आदर्शराघव**को नामकरण यसका नायक राघवको नामका आधारमा गरेको चर्चा गरेका छन् । यस कृतिमा जोशीले सिग्द्याललाई संस्कृत साहित्यमा उच्च प्रतिभा भएका कवित्वका रूपमा उल्लेख गरी उनको भाषाको मूल स्रोत संस्कृत साहित्यको शब्द ढुकुटी हो भन्ने कुराको चर्चा गरेका छन् । **आदर्शराघव** महाकाव्यमा प्रयोग भएका संस्कृत तत्सम शब्द समास र सन्धिका साथै सिग्द्यालका कवितामा व्यञ्जना, ध्वनि, वक्रोक्तिभन्दा बढी अलङ्कारको प्रयोग भएको कुराको पनि जोशीले उल्लेख गरेका छन् । यस कृतिमा जोशीले **आदर्शराघव** महाकाव्यमा माधुर्य, ओज र प्रसाद गुणको साथै वैदर्भी, गौडी र पाञ्चाली रीतिको प्रयोग भएको चर्चा गर्दै यस महाकाव्यमा प्रयोग भएको अलङ्कार स्वतस्फूर्त: नभएर उत्पाद्य रूपमा प्रयोग भएको उल्लेख गरेका छन् ।

प्रस्तुत कृतिको दसौँ वा अन्तिम शीर्षकमा सिग्द्यालको काव्यचेतना र कलापक्षतिर सामान्य सङ्केत गर्दै काव्यका विभिन्न धाराहरूको उल्लेख गर्नाका साथै उनी कुन काव्यधारासँग सम्बन्धित रहेका छन् र उनको **आदर्शराघव** महाकाव्यको परिवेश पर्गेल्ने प्रयास गरिएको छ । यस कृतिमा जोशीले **आदर्शराघव**को मूल्याङ्कन गर्ने क्रममा यसका गुणात्मक र अभावात्मक पक्षबारे विश्लेषण गर्दै सिग्द्याल पूर्वीय उत्तरकालीन काव्य परिपाटीबाट प्रभावित भएर मौलिक छन् भन्ने कुराको चर्चा गरेका छन् ।

प्रस्तुत कृतिलाई जोशीले नेपाली समालोचना परम्पराको महत्त्वपूर्ण कृतिका रूपमा उल्लेख गर्दै सिग्द्यालका काव्यकलाको पहिचान र महाकाव्यकारिताको मूल्याङकन गरेका छन् ।

यस कृतिमा जोशीले गरेको अथक प्रयासस्वरूप सबैभन्दा प्रभावकारी स्मारकका रूपमा रहेको **आदर्शराघव**ले नेपाली साहित्यमा पूर्वीय शास्त्रीय परम्पराको महाकाव्य लेखनलाई गहन बनाएको छ भन्ने धारणा व्यक्त गरेका छन् । जोशीले सिग्द्यालको उच्चतम धुरीमा **आदर्शराघव** एउटा आफैँमा पूर्ण महाकाव्य हो र यसका महत्त्वपूर्ण उपलब्धिहरूलाई पूर्वीय काव्य परम्परा र संस्कृत काव्यशास्त्रीय कसीमा **आदर्शराघव**को परीक्षण, विश्लेषण, व्याख्या र आलोचनाका साथै यस कार्यमा अत्यन्त आवश्यक मानिने संस्कृत काव्यशास्त्रीय परिपाटीको विद्वत्तापूर्ण सुन्दर व्याख्या भएकाले यो काव्य उत्कृष्ट ठहरिन पुगेको भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । जोशीले प्रस्तुत कृतिले नेपाली साहित्यमा महत्त्वपूर्ण स्थान कायम गरेको र संस्कृतको उत्तरवर्ती परम्पराको महाकाव्यका रूपमा उल्लेख गर्दै सिग्द्याललाई नेपाली काव्य र परम्पराको सफल महाकाव्यकारका रूपमा उभ्याएका छन् ।

(३) वासुदेव त्रिपाठी, ‘नेपाली साहित्यका महान् शिल्पी’, **नेपाली कविताको सिंहावलोकन**, काठमाडौँ : साझा प्रकाशन, २०२७, पृ. ८१-८८ ।

वासुदेव त्रिपाठीद्वारा लेखिएको ‘नेपाली साहित्यका महान् शिल्पी’ शीर्षकको लेख **नेपाली कविताको सिंहावलोकन** नामक पुस्तकमा प्रकाशित छ । प्रस्तुत लेखमा

सिग्द्यालले नेपाली वाङ्मयमा व्याकरण-रचना साहित्यमा **साहित्यप्रदीप** आलोचना ग्रन्थ र **आदर्शराघव** महाकाव्य प्रकाशित गरेको कुराको चर्चा गर्दै सिग्द्याललाई नेपाली साहित्यका महान् शिल्पीका रूपमा त्रिपाठीले उल्लेख गरेका छन् । यस लेखमा त्रिपाठीले **आदर्शराघव** नै सोमनाथका मूर्धन्य कृति र नेपाली साहित्य वा कविताको महत्तम शैल्पिक उपलब्धि हो भन्ने चर्चा गरेका छन् । त्रिपाठीले **आदर्शराघव** महाकाव्यमा पूर्वीय वा संस्कृत साहित्यको शास्त्रीय परिपाटीको अद्‌भुत प्रयोग भएको उल्लेख गर्दै आचार्य र कविको समन्वय नै **आदर्शराघव**को विशेषता हो भनेका छन् । यस लेखमा त्रिपाठीले सिग्द्याल उत्तरवर्ती धाराबाट प्रभावित भएको उल्लेख गर्दै रसवादी महाकवि कालिदास नै लेखनाथ, घिमिरे युगलका मूल आदर्श हुन् भने कला वा शिल्पवादी भारवि सोमनाथका आदर्श हुन् भनेर चर्चा गरेका छन् । नेपाली साहित्यको सम्पूर्ण परम्परामा **आदर्शराघव**को रचना अभूतपूर्व घटना हो र शिल्प आयोजनाका दृष्टिले सफल महाकाव्य हो । यसर्थ **आदर्शराघव** महाकाव्यका सोमनाथ नेपाली साहित्यका महान् शिल्पी हुन् भनेर त्रिपाठीले यस लेखमा बताएका छन् । त्रिपाठीले सिग्द्याललाई पूर्वीय काव्य शिल्पका अत्यन्त महान् उस्तादका रूपमा चर्चा गर्दै उनमा प्रशस्त ज्ञान र साधना भएको बारेमा पनि यस लेखमा चर्चा गरेका छन् । यस लेखमा सिग्द्यालले प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई काव्यको स्रोत मानेको उल्लेख गर्दै उपायसिद्ध प्रतिभा, व्युत्पत्ति र अभ्यास नै सोमनाथको कवित्व हो भन्ने कुराको उल्लेखसमेत गरेका छन् । यस लेखमा त्रिपाठीले लेखनाथका भारवि-धाराका अनुशीलन र शास्त्रीय परिपाटीप्रतिका अति आशक्तिहरूले सिग्द्याललाई बन्दी बनाएको हुनाले उनी शास्त्रीय परिपाटीको सचेत अनुकरणको घेराबाट मुक्त हुन नसकेको चर्चा गर्दै चिन्तन र दर्शनलाई जुन शिल्प सोमनाथले प्रदान गरेका छन् । त्यही नै उनको उपलब्धि भएको कुरा चर्चा गरेका छन् । यस लेखमा त्रिपाठीले सोमनाथको **आदर्शराघव** महाकाव्य **रामायण** कथामा आधारित रहेको बताउँदै उनको विशेष नीति, चिन्तन, शिल्प योजना र शैल्पिक चमत्कार देखाउने प्रवृत्तिमा रहेको कुरा बताएका छन् । यस लेखमा त्रिपाठीले संस्कृत साहित्यका शास्त्रीय परिपाटीप्रतिको अनुरक्ति नै

**आदर्शराघव**का सीमा र प्राप्ति हुन् भन्दै पूर्वीय शास्त्रीय प्रक्रिया परिपाटीका दृष्टिले सोमनाथ नेपाली साहित्यका शिल्प हुन्, महान् शिल्पी हुन् र उनको अद्‌भुत शिल्प साधनाप्रति नेपाली साहित्य युगानुयुग आभारका भावनाले पूर्ण रहेको निष्कर्ष प्रस्तुत गरेका छन् ।

(४) राममणि रिसाल, 'नेपाली काव्यमा संस्कृत काव्य परम्पराको प्रभाव तथा महाकाव्यकार पण्डितराजश्री सोमनाथ सिग्द्याल', **नेपाली कवि र काव्य**, साझा प्रकाशन, २०३१, पृ. १-४२ ।

समालोचक राममणि रिसालले नेपाली केही कवि र तिनका काव्यहरूलाई विषय बनाई **नेपाली कवि र काव्य** नामक पुस्तक प्रकाशित गरेका छन् । यस क्रममा रिसालले 'नेपाली काव्यमा संस्कृत काव्यपरम्पराको प्रभाव तथा महाकाव्यकार पण्डितराज श्री सोमनाथ सिग्द्याल' शीर्षकमा महाकाव्यकार सोमनाथ सिग्द्यालबारे अध्ययन गरेका छन् । यीमध्ये पहिलो 'नेपाली काव्यमा संस्कृत काव्य परम्पराको प्रभाव' शीर्षकमा रिसालले अध्ययन गरेका छन् । रिसालले सिग्द्याल प्रारम्भिक कालतिर जन्मेका र नेपाली कविता र काव्यले ठूलो सङ्ख्यामा संस्कृतको भक्तिकाव्य परम्पराको अनुमोदन गरेको कुरा उल्लेख गरेका छन् । यस लेखमा रिसालले शास्त्रकवि सिग्द्यालमा अलङ्कार र ध्वनिको प्रयोग बढी मात्रामा पाइनुका साथै नेपाली वैयाकरणको पनि प्रशस्त मात्रामा प्रयोग भएको कुराको उल्लेख गरेका छन् । यस लेखमा रिसालले सिग्द्याललगायत असङ्ख्य माध्यमिककालीन कविहरूले संस्कृत काव्य परम्परामा रहेर कविताको रचना गरेको लेखनाथ र सोमनाथ दुवै संस्कृत भाषाका विज्ञ भएको चर्चा गर्दै लेखनाथीय रचनाशैली र सोमनाथीय रचनाशैलीको भिन्नताबारे पनि व्याख्या गरेका छन् । यस लेखमा रिसालले संस्कृत-काव्य परम्पराको अध्ययन र अध्यापनले पण्डितराजको विद्वत्तालाई माथि उचाल्नुका साथ सिग्द्याल **आदर्शराघव** महाकाव्यका माध्यमबाट नेपाली साहित्यमा निकै माथि उठेको कुराको उल्लेख गरेका छन् । यस लेखमा रिसालले संस्कृत कवि भारविको अर्थगौरव र अर्थगाम्भीर्य, माघको शास्त्र निपूणता र काव्य चामत्कारिकता, श्रीहर्षको उद्‌भट, दार्शनिकता र द्वयर्थकताबाट

सोमनाथका काव्य डुबेको उल्लेख गर्दै सोमनाथीय व्यक्तित्व भारवि, माघ र श्रीहर्षको संयुक्त प्रतिभाले निर्मित छ भन्ने विवेचना प्रस्तुत गरेका छन् ।

यसै गरी प्रस्तुत कृतिमा 'महाकाव्यकार पण्डितराज श्री सोमनाथ सिग्द्याल' शीर्षकमा पनि रिसालले अध्ययन गरेको देखिन्छ । प्रस्तुत लेखमा रिसालले सिग्द्यालको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विभिन्न शीर्षक र उपशीर्षकमा बाँडेर अध्ययन गर्दै उनलाई महाकाव्यकारका रूपमा चिनाएका छन् । सिग्द्याललाई शास्त्रीय कविका रूपमा चिनाउँदै उनका समस्त कृतिमा संस्कृत, साहित्यको प्रभाव रहेको कुरा पनि उल्लेख गरेका छन् । यस लेखमा सिग्द्यालले नेपाली गद्य विधामा गरेको योगदान र नेपाली भाषालाई परिमार्जित रूप दिनका लागि गरेको प्रयासलाई उल्लेख गरेका छन् । उनले संस्कृतमय शैली र शुद्ध नेपालीमा काव्य र कविताको रचना गर्नु सोमनाथको काव्यवैशिष्ट्य हो भन्ने उल्लेख गरेका छन् । यस लेखमा रिसालले सिग्द्यालको काव्यमा आवश्यक अलङ्कार, गुण, रस र ध्वनि आदि काव्योचित तत्त्वहरूको समावेश गरिनु सोमनाथीय कविताका सगुण मानेका छन् । यस लेखमा रिसालले **आदर्शराघव**लाई रामायणकै प्रतिरूप मान्दै यस काव्यमा वीर र शृङ्गार रसको व्यापक प्रयोगका साथै उनले सांसारिक वियोगान्त रूपलाई स्पष्ट पार्दै संयोग र वियोगको योगबाट काव्य परिपूर्ण हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् । यस लेखमा **आदर्शराघव** महाकाव्य रामकथा वा इतिहास प्रसिद्ध कथा भएकाले कथावस्तु महाकाव्योचित भएको चर्चा गर्दै रामको विशेष चरित्रलाई विभिन्न शीर्षकमा छुट्याई निकै आकर्षक रूपमा प्रस्तुत गरेका छन् । यस लेखमा रिसालले **आदर्शराघव** महाकाव्यको नाम श्री रामचन्द्रको आदर्शचरित्रलाई अँगालेर **आदर्शराघव** राखिनुका साथै यस ग्रन्थको आरम्भ मङ्गलाचरण स्वरूप देवदेवीको वन्दनाबाट भएका कुरा उल्लेख गरेका छन् । रिसालले सिग्द्यालको **आदर्शराघव** महाकाव्यमा उपमा, उत्प्रेक्षा, यमक, अनुप्रास आदिजस्ता विविध अलङ्कारहरू र शास्त्रीय छन्दोविधानको प्रयोग प्रशस्त मात्रामा भएको कुराको समेत चर्चा गरेका छन् । यस लेखमा रिसालले **आदर्शराघव**मा समग्र रामायणको कथालाई मौलिकताले सिँगारिएको चर्चा गर्दै भारविको अर्थगौरव, माघको वैचित्र्य,

श्रीहर्षको काल्पनिक उडान तथा श्लेषको चमत्कारबाट नै बढी **आदर्शराघव** प्रभावित भएको कुरा पनि व्यक्त गरेका छन् । रिसालले यस लेखमा अलङ्कारवादी सिग्द्याललले कतै अर्थालङ्कार र कतै शब्दालङ्कारलाई अँगाली काव्यमा चमत्कार बढाएको कुरा उल्लेख गर्दै नेपाली काव्यको माटोमा महाकाव्यको पूर्वीय नमुना प्रस्तुत गरी नेपाली र संस्कृत भाषाको उल्लेखनीय प्रगति गरेको निष्कर्ष प्रस्तुत गरेका छन् ।

(५) घटराज भट्टराई, 'पण्डितराज सोमनाथ', **संस्कृतका अमर साहित्यकार**, साझा प्रकाशन, २०३४, पृ. २००-२०१ ।

'पण्डितराज सोमनाथ' शीर्षकको लेख घटराज भट्टराईद्वारा लेखिएको हो । प्रस्तुत लेख **संस्कृतका अमर साहित्यकार** नामक पुस्तकमा प्रकाशित छ । यस लेखमा भट्टराईले सर्वप्रथम सिग्द्यालको जीवनी र व्यक्तित्वको बारेमा चर्चा गर्दै उनको कार्यक्षेत्रका बारेमा पनि चर्चा गरेका छन् । यस लेखमा भट्टराईले सिग्द्यालको संस्कृत र नेपाली भाषामा प्रकाशित कृतिहरूका साथै संस्कृत व्याकरण, साहित्य र नेपाली व्याकरण साहित्यका **सूक्तिसूधा** र **सुन्दरी** मासिक पत्रिकाको प्रकाशनका बारेमा पनि उल्लेख गरेका छन् । प्रस्तुत लेखमा भट्टराईले सिग्द्यालका संस्कृत र नेपाली भाषामा उत्तिकै शसक्त पाण्डित्य देखाई कलम चलाउने महाकवि पण्डितराज सोमनाथ प्रतिभाका एउटा प्रवाह हुनुका साथै नेपाली र संस्कृत साहित्यमा अमर साधकका रूपमा अमर छन् भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

(६) तीर्थराज सुवेदी र हंसपुरे सुवेदी, 'पण्डितराज सोमनाथ सिग्द्याल', **संस्कृत वाङ्मय सङ्क्षिप्त अध्ययन**, पाठ्यक्रम विकास केन्द्र, त्रि. वि., २०३७, पृ. ४०२-४१५ ।

तीर्थराज सुवेदी र हंसपुरे सुवेदीद्वारा लेखिएको 'पण्डितराज सोमनाथ सिग्द्याल' शीर्षकको लेख **संस्कृत वाङ्मय सङ्क्षिप्त अध्ययन** नामक पुस्तकमा प्रकाशित छ । प्रस्तुत लेखमा लेखकद्वयले सोमनाथको लेखनशैली सुन्दर, अत्यन्त परिश्रमी र ज्ञानको बृहत् भण्डार भएको कुराको चर्चा गरेका छन् । यस लेखमा लेखकद्वयले सिग्द्यालको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा पनि विश्लेषण गर्दै उनले आफ्नो जीवनकालमा

गरेको अध्ययन-अध्यापनका बारेमा पनि व्याख्या गरेका छन् । यस लेखमा लेखकहरूले सिग्द्यालको विभिन्न विद्वान्हरूसँग सम्पर्क गर्ने क्रममा महिला गुरुज्यू हेमराजसँग सम्पर्क भएको कुराको समेत उल्लेख गरेका छन् । यस लेखमा सिग्द्यालले नेपाली तथा संस्कृत साहित्यका क्षेत्रमा गरेको योगदानको उल्लेख गर्दै विभिन्न उल्लेखनीय कार्य गरेवापत् प्राप्त पुरस्कारको पनि उल्लेख गरेका छन् । सिग्द्याल संस्कृत जगत्मा एउटा व्यवहार निपुण र महान् विद्वान् भएकाले उनको कदर गर्दै संस्कृत र नेपाली परम्पराको मूल आधार नै संस्कृत हो भन्ने कुरा लेखकहरूले व्यक्त गरेका छन् । यस लेखमा सिग्द्यालको निधनपश्चात् **गोरखापत्र**ले विभिन्न शीर्षकमार्फत विभिन्न सङ्घसंस्थाबाट गरिएको शोकसभाको बारेमा लेखकद्वयले चर्चा गरेका छन् । प्रस्तुत लेखमा लेखकहरूले **सुन्दरी** मासिक पत्रिकाका संस्थापक सम्पादक सिग्द्यालले नेपाली व्याकरणमा **लघुचन्द्रिका**, **मध्यचन्द्रिका**, महाकाव्यमा **आदर्शराघव** र छन्दग्रन्थ **साहित्यप्रदीप** र **प्रतिसंस्कृतासिद्धान्तकौमुदी** लेखेको कुराको चर्चा गरेका छन् । लेखकद्वयले सिग्द्यालको मृत्युपछि उनको प्रौढ पाण्डित्यको प्रशंसा भारतीय विद्वान्हरूले समेत गरेको उल्लेख गर्दै संस्कृत साहित्यमा बहुमुखी विद्वत्ताले परिपूर्ण व्यक्तित्व अब नेपालले पाउनु असम्भव नभए पनि दुर्लभ हुन्छ भनेर उल्लेख गरेका छन् । यस लेखमा लेखकद्वयले नेपाली विद्वत् समाजमा आफ्नो बहुमुखी प्रतिभाको चिनारी दिँदै विशिष्ट व्यक्तित्व कायम गर्ने सिग्द्यालको नेपाली हृदयमा मात्र नभई भारतमा समेत चर्चा भएको निष्कर्ष प्रस्तुत गरेका छन् ।

(७) नरहरि आचार्य, **पण्डितराज सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना**, पण्डितराज सोमनाथ शतवार्षिकी समारोह समिति, २०४१, पृ. १-१७५ ।

नरहरि आचार्यको **पण्डितराज सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना** (२०४१) सोमनाथका अध्ययनमा केन्द्रित दोस्रो पुस्तकाकार कृति हो । आचार्यले सोमनाथका बारेमा विभिन्न समयमा लेखेका पूर्वअप्रकाशित लेखहरूको सङ्कलनका रूपमा र खासगरी २०३३ सालमा स्नातकोत्तर तहको शोधप्रयोजनका निम्ति उनले 'नेपाली साहित्यमा सोमनाथ सिग्द्यालको योगदान' शीर्षकमा शोधकार्य गरेका र पछि

यसलाई संशोधन गरी २०४१ सालमा सोमनाथको शतवार्षिक समारोहको अवसरमा **पण्डितराज सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना** नामक पुस्तक प्रकाशित गरेका छन् । यसका लेखहरूले सोमनाथको साहित्यका क्षेत्रमा गरेका योगदानका बारेमा विस्तृत रूपमा चर्चा गरेका छन् ।

प्रस्तुत ग्रन्थका प्रारम्भमा नेपाली साहित्यका दुई जना विशिष्ट व्यक्तित्व सर्वश्री शिवहरि मरहठ्ठा र वासुदेव त्रिपाठीको भूमिका छ । यीमध्ये शिवहरि मरहठ्ठाले 'प्रकाशकका तर्फबाट' शीर्षकको भूमिकामा नेपाली साहित्यका वरिष्ठ विद्वान् कवि तथा महाकाव्यकार सोमनाथको शतवार्षिकी समारोहको अवसरमा उनलाई चिन्ने, चिनाउने र उनको योगदान संस्मरण गर्ने प्रयत्नको परिणामस्वरूप **पण्डितराज सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना** कृति प्रस्तुत गरेकोमा यसका लेखक आचार्यलाई प्रकाशकका तर्फबाट कृतज्ञताज्ञापन गर्दछौँ भनेका छन् । त्यस्तै वासुदेव त्रिपाठीले 'भूमिका' शीर्षकको लेखमा नेपाली वाङ्मयका प्रकाण्ड विद्वान् सिग्द्यालको जीवनी, व्यक्तित्व र कृतित्वसम्बन्धी नयाँ महत्त्वपूर्ण तथ्यहरूको खोजी गरी वाङ्मय साधनाको विश्लेषण र मूल्याङ्कन गरेका छन् । सिग्द्यालका बारेमा गरिएको समालोचनामध्ये सर्वाधिक, विस्तृत र प्रामाणिक समालोचना हुनुका साथै यो प्रयास सोमनाथको शतवार्षिकी स्मृति प्रसङ्गको ज्यादै गहकिलो उपलब्धि हो भन्दै यस ग्रन्थका लेखकलाई बधाई दिँदै प्रकाशकको प्रयासको प्रशंसा गरेका छन् । यसले आचार्यको समालोचना सामर्थ्यलाई प्रस्ट्याएको छ भन्दै सिग्द्यालको महाकाव्य साधना जस्तो कठिन एवम् महत्त्वपूर्ण कार्य गरेकामा समालोचक आचार्यप्रति र प्रकाशक समितिप्रति धन्यवाद प्रकट गरेका छन् ।

नरहरि आचार्यद्वारा प्रस्तुत गरिएको **पण्डितराज सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना** नामक पुस्तक जम्मा दुई खण्डअन्तर्गत जम्मा छ परिच्छेद र परिशिष्ट समेतको समावेश गरिएको छ । प्रस्तुत कृतिको पहिलो र दोस्रो खण्डमा तीनतीनवटा परिच्छेद रहेका छन् । यसका प्रत्येक खण्ड, परिच्छेद र परिशिष्टमा गरिएका अध्ययन तथा विवेचनाबारे क्रमशः तलका अनुच्छेदमा चर्चा गरिएको छ ।

प्रस्तुत कृतिको पहिलो खण्डमा सिग्द्यालको महाकाव्य साधनाको विश्लेषण तथा मूल्याङ्कनका लागि पृष्ठभूमि र परिवेशकै रूपमा प्रस्तुत गरिएको छ भनेर आचार्यले उल्लेख गरेका छन् । यस कृतिको पहिलो खण्डको पहिलो परिच्छेदले सोमनाथको जीवनीवृत्तलाई केलाउँदै उनको बहुमुखी व्यक्तित्वको विश्लेषण गरेका छन् । त्यही खण्डको दोस्रो एवम् तेस्रो परिच्छेदले नेपाली वाङ्मय, व्याकरण, दर्शन र साहित्यशास्त्र जस्ता विशिष्ट फाँटमा सोमनाथको योगदानको मूल्याङ्कन गरेका छन् साथै यस क्रममा सोमनाथको संस्कृत ग्रन्थ र काव्यकृतिको समेत सङ्क्षिप्त रूपमा चर्चा गरेका छन् ।

प्रस्तुत कृतिको दोस्रो खण्डलाई तीन परिच्छेदमा बाँडेर अध्ययन गर्नुका साथै त्यसलाई प्रस्तुत ग्रन्थको मूल भाग मानेका छन् । यस कृतिको दोस्रो खण्डको पहिलो परिच्छेदले सोमनाथका कवितायात्राको चरण विभाजन र चरणगत प्रवृत्तिहरूको निरुपण गर्दै अप्रकाशित **चन्द्रचरित** महाकाव्य (लेखनकाल : १९६६-८६) र प्रकाशित **आदर्शराघव** महाकाव्य (प्र. २००५) लाई नै सोमनाथको व्यक्तित्वका सर्वोपरिप्राप्ति ठहऱ्याएका कुरा आचार्यले व्यक्त गरेका छन् । सोही खण्डको दोस्रो परिच्छेदमा नेपाली महाकाव्य परम्पराका सापेक्षतामा **आदर्शराघव** महाकाव्यका वैशिष्ट्य र योगदानको मूल आधार हो भनेका छन् ।

प्रस्तुत कृतिको दोस्रो खण्डको तेस्रो परिच्छेदमा सिग्द्यालका काव्यप्रवृत्तिको निरूपण र कवित्वको निरूपण गरेका छन् । यसै क्रममा सिग्द्यालका प्रथम चरणका काव्य प्रवृत्ति र द्वितीय चरणका काव्य प्रवृत्तिको पनि आचार्यले चर्चा गरेका छन् । यस परिच्छेदमा आचार्यले पूर्वीय काव्यशास्त्रले निर्धारण गरेको महाकाव्य लक्षणको शास्त्रीय नमुनाका रूपमा **आदर्शराघव**को स्थान उत्कृष्ट रहेको चर्चा गर्दै काव्य वैशिष्ट्यका आधारमा महाकाव्यकार सोमनाथ सिग्द्यालको योगदानको पनि उल्लेख गरेका छन् ।

प्रस्तुत कृतिको परिशिष्ट खण्डमा सोमनाथका प्रकाशित तर हाल दुर्लभ कतिपय कविता कृति र अप्रकाशित **चन्द्रचरित** महाकाव्यलगायतका नमुना स्वरूप उद्धरण गरिएको कुरा प्रस्तुत गरेका छन् ।

यस कृतिमा नेपाली वाङ्मयका क्षेत्रमा सोमनाथको योगदानको विश्लेषण गर्दै उहाँको शैक्षिक र सांस्कृतिक व्यक्तित्व प्रस्तुत गरेका छन् । यस कृतिले पण्डितराजको महत्त्वलाई सर्वसाधारण समक्ष पनि चिनाएको कुराको उल्लेख गरेका छन् । यस कृतिमा आचार्यले नेपाली साहित्यमा सिग्द्यालको योगदान भन्नु नै **आदर्शराघव** हो र **आदर्शराघव**को मूल्याङ्कन भन्नु नै उनको नेपाली व्यक्तित्वको समष्टिगत मूल्याङ्कन हो । पूर्वीय पाण्डित्यका सुदृढ आधारमा शैल्पिक परिष्कारप्रतिको निष्ठा नै सोमनाथको मूल काव्य प्रवृत्ति हो भनेका छन् । प्रस्तुत कृतिमा पूर्वीय काव्यशास्त्रीले निर्धारण गरेको महाकाव्य लक्षणको शास्त्रीय नमुनाका रूपमा **आदर्शराघव**को स्थान उत्कृष्ट रहेको चर्चा गर्दै यिनका वैशिष्ट्यका आधारमा महाकाव्यकार सोमनाथ सिग्द्यालको योगदानको उल्लेख गरेका छन् । यस ग्रन्थमा आचार्यले सोमनाथका जीवनी, बहुमुखी प्राज्ञिक व्यक्तित्व एवम् कृतित्वको विवेचना गरेका छन् । खास गरी उनको महाकाव्य साधनाको गहन अध्ययन-मूल्याङ्कन प्रस्तुत गर्दै यो ग्रन्थ नेपाली साहित्यका साहित्यप्रेमीहरूका निम्ति अत्यन्त उपयोगी ग्रन्थका रूपमा देखापरेको निष्कर्ष प्रस्तुत गरेका छन् ।

(८) वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशवराज सुवेदी, 'कविताका बृहत् तथा बृहत्तम रूप', **नेपाली कविता भाग-४,** साझा प्रकाशन, २०४६, पृ. ६३-९६ ।

वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशवराज सुवेदीद्वारा संयुक्त रूपमा **नेपाली कविता भाग ४** पुस्तकमा सान्दर्भिक चर्चाका रूपमा कविताका बृहत् तथा बृहत्तम रूप शीर्षकको लेख प्रकाशित छ । यस लेखमा लेखकहरूले सोमनाथले पाण्डित्य र संस्कृतका काव्यतत्त्वको अनुपम प्रदर्शन **आदर्शराघव**मा देखिए पनि उनको आख्यानीकृत सङ्कथनको संरचना दुर्बल तथा विविध परिवेशमूलक सर्गन्यायले गर्दा कमजोर हुन पुगेको छ । साथै यसका प्राप्ति र अप्राप्ति दुवैमा भारवि ढाँचाको वक्रमार्गी, वैचित्र्यमार्गी, पाण्डित्य र काव्यकला प्रदर्शनको प्रतिच्छाया विद्यमान छ भनेर उल्लेख गरेका छन् । यस लेखमा लेखकहरूले **आदर्शराघव**को पाण्डित्य र काव्यकला

प्रदर्शनको क्रममा आख्यानीकृत बृहत् कवितारूपको शक्ति केही कुण्ठित भएको छ भनेर टिप्पणी गरेका छन् । यस लेखमा नेपाली कविताको प्रमुख धारामध्ये परिष्कारवादी धारामा कवि सोमनाथ सिग्द्यालको पाण्डित्यले सजिएको व्यक्तित्व पाइनुका साथै यस धाराका प्रमुख कविका रूपमा सिग्द्याललाई लिन सकिन्छ भन्ने निष्कर्ष लेखकहरूले प्रस्तुत गरेका छन् ।

(९) रजनी ढकाल, 'केही नेपाली समालोचकहरू', **सोमनाथ शर्मा सिग्द्याल,** असीम प्रकाशन, ललितपुर, २०५८ (फागुन), पृ. १९-२० ।

रजनी ढकालद्वारा लेखिएको 'सोमनाथ शर्मा सिग्द्याल' शीर्षकको लेख **केही नेपाली समालोचकहरू** नामक पुस्तकमा प्रकाशित छ । यस कृतिमा ढकालले नेपाली साहित्यका समालोचकहरूका बारेमा लेखिएको राम्रो पुस्तकको अभाव महसुस गरी प्रकाशित गरेको कुरा उल्लेख गरेकी छन् । प्रस्तुत लेखमा ढकालले सिग्द्यालको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा सङ्क्षिप्त रूपमा अध्ययन गर्दै अध्ययन र अध्यापन कार्यका बारेमा समेत चर्चा गरेकी छन् । यस लेखमा ढकालले सिग्द्यालको प्रकाण्ड विद्वान् व्यक्तित्वको चर्चा गर्दै उनले भाषा र साहित्यमा गरेको योगदानका साथै उनका प्रकाशित कृति र अप्रकाशित कृतिको स्रोत चर्चा गरेकी छन् । यस लेखमा ढकालले सिग्द्यालको समालोचकीय व्यक्तित्वलाई चिनाउने कृतिका रूपमा **साहित्यप्रदीप** (२०१५) को विश्लेषण गर्दै संस्कृत तथा नेपाली भाषाका विभिन्न विधाहरूको प्रयोगबारे पनि अध्ययन र विश्लेषण गरेकी छन् । पूर्वीय समालोचना सिद्धान्तका आधारमा लेखिएको यस लेखमा रस, लक्षणा, व्यञ्जना, ध्वनि आदि पक्षलाई देखाउँदै लेखनका गुणको चर्चा पनि गरिएको कुरा ढकालले लेखेकी छन् । प्रस्तुत लेखमा सोमनाथ सिग्द्याल नेपाली समालोचनाका क्षेत्रमा पूर्वीय साहित्यशास्त्रका व्याख्याता समालोचकका रूपमा चिन्नुका साथ संस्कृत साहित्यशास्त्र चर्चा गरिएका विभिन्न सैद्धान्तिक चिन्तनहरूलाई नेपाली भाषाका माध्यमबाट लेख्न महत्त्वपूर्ण ऐतिहासिक कार्य गरेको निष्कर्ष ढकालले प्रस्तुत गरेकी छन् ।

(१०) राजेन्द्र सुवेदी, 'सोमनाथ सिग्द्याल १९४१-२०२९', **समालोचना परम्परा र प्रवृत्ति**, पाठ्य सामग्री पसल, रत्नपार्क, २०६१, पृ. १४२-१४३ ।

राजेन्द्र सुवेदीद्वारा लेखिएको 'सोमनाथ सिग्द्याल' शीर्षकको लेख **नेपाली समालोचना परम्परा र प्रवृत्ति** नामक पुस्तकमा प्रकाशित छ । प्रस्तुत लेखमा सिग्द्यालको शिक्षा-दीक्षा, न्याय वैशेषिकाचार्य, व्याकरणाचार्य र काव्यतीर्थ जस्ता उच्च उपाधि आर्जन गरेको चर्चा गर्दै नेपालका विशिष्ट विद्वान्का रूपमा परिचित सिग्द्यालको लामो समयसम्म शिक्षा सेवामा समर्पित व्यक्तित्वका रूपमा चर्चा गरेका छन् । यस लेखमा सुवेदीले सिग्द्यालका प्रकाशित कृतिहरूको चर्चा गर्दै यी कृतिका आधारमा सोमनाथ सिग्द्यालको व्यक्तित्व चार विन्दुमा विभाजित बनेको समेत चर्चा गरेका छन् । पहिलो विन्दुमा व्याकरणकार, दोस्रोमा साहित्यको सौन्दर्यचिन्तक, तेस्रो विन्दुमा कवि तथा महाकाव्यकार र चौथो विन्दुमा प्राध्यापक-अनुवादकका रूपमा चर्चा गर्दै सिग्द्यालका विशेषतालाई वर्गीकृत गरेर अध्ययन गरेका छन् । सुवेदीले सिग्द्याललाई पूर्वीय संस्कृत साहित्यको सौन्दर्यशास्त्रलाई नेपालीकरण गर्ने आधिकारिक विद्वान्का रूपमा प्रतिष्ठित भएको उल्लेख गरेका छन् । सुवेदीले पूर्वीय साहित्यको मानक सौन्दर्यशास्त्रको **साहित्यप्रदीप**लाई प्रकाश शीर्षक दिएर पाँच वटा अध्यायमा प्रस्तुत गरेका छन् । यी पाँचवटा अध्यायमा भाषा र भाषाको उत्पत्ति, स्वरूप, शब्दको उपयोग, कवित्वकला, साहित्यिक तहका सौन्दर्यशास्त्रीहरूको परिचय, वाद र सम्प्रदायका परम्पराहरूको मतमतान्तर, स्थापना र खण्डन, काव्यको परिभाषा, काव्यका उपकरण र उपलब्धिहरूको पहिचान प्रस्तुत गरेका छन् । यस लेखमा सुवेदीले नेपाली समालोचनाको परम्परामा पूर्वीय साहित्यका सौन्दर्यशास्त्रलाई व्यावहारिक क्षेत्रमा ओराल्ने काम **साहित्यप्रदीप** मार्फत भएको उल्लेख गर्दै सिग्द्याल नेपाली साहित्यको सृजना र समालोचना दुवै क्षेत्रमा पूर्वीय संस्कृत साहित्यको डेढ सहश्राब्दीको इतिहासलाई एक्लै प्रतिनिधित्व गर्ने प्रतिभाका रूपमा उल्लेख गरेका छन् । सुवेदीले नेपाली समालोचनाको सैद्धान्तिक शिखर पुरुषहरूमध्ये सोमनाथ सिग्द्यालको अग्रणी

भूमिका रहेको चर्चा गर्दै यिनै मूल्यहरूले सिग्द्याललाई प्रतिष्ठा प्रदान गरेको निष्कर्ष प्रस्तुत गरेका छन् ।

(११) महादेव अवस्थी, 'महाकाव्यकार सोमनाथ सिग्द्याल यात्रा, प्रवृत्ति र योगदान', आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श, इन्टेलेक्चुअल्ज बुक प्यालेस, २०६४, पृ. ११२-११८ ।

'महाकाव्यकार सोमनाथ सिग्द्याल यात्रा, प्रवृत्ति र योगदान' शीर्षकको लेख महादेव अवस्थीले लेखका हुन् । यो लेख **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श** नामक पुस्तकमा प्रकाशित छ । प्रस्तुत लेखमा अवस्थीले सिग्द्यालको जीवनी र व्यक्तित्वको चर्चा गर्दै व्याकरण, साहित्यशास्त्र, दर्शन र साहित्यका क्षेत्रमा गरेको योगदानका बारेमा पनि उल्लेख गरेका छन् । यस लेखमा सिग्द्याललले नेपाली साहित्यका क्षेत्रमा योगदान र उनको विशिष्ट प्रतिभाको समेत अवस्थीले उल्लेख गरेका छन् । यस लेखमा अवस्थीले **साहित्यप्रदीप**, **मध्यचन्द्रिका**, **दर्शन प्रवेशिका** जस्ता कृतिले सिग्द्याललाई पण्डितराजको रूपमा स्थापित गरेको कुरा व्यक्त गरेका छन । यस लेखमा अवस्थीले सिग्द्यालको काव्ययात्राको सुरुवात वि. सं. १९६३ मा **सुन्दरी** पत्रिकामा प्रकाशित 'मानिनीरञ्जन'जस्तो शृङ्गारिक कविताबाट भएको र वि. सं. २००५ मा प्रकाशित **आदर्शराघव** महाकाव्यसम्म पुगेको कुरा उल्लेख गर्दै यसै महाकाव्य प्रकाशनद्वारा उनको महाकाव्ययात्रा सम्पन्न भएको कुरा बताएका छन् । **आदर्शराघव** महाकाव्य एक मात्र उत्कृष्ट प्राप्ति र अन्तिम महाकाव्यका रूपमा प्रस्तुत भएको छ । प्रस्तुत लेखमा अवस्थीले सिग्द्यालको **आदर्शराघव** महाकाव्यको विश्लेषण गर्दै यस महाकाव्यका कृतिगत अभिलक्षण नै सिग्द्यालका महाकाव्यगत प्राप्ति हुन् भन्ने कुराको विश्लेषण गरेका छन् । यस लेखमा अवस्थीले पूर्वीय महाकाव्यात्मक शास्त्रीय लक्षणको व्यावहारिक प्रयोग गरिएको नेपाली महाकाव्यको आदर्शनमुना **आदर्शराघव** महाकाव्य हो र यसैमा नै महाकाव्यकार सिग्द्यालको व्यक्तित्व आधारित रहेको भनी टिप्पणी गरेका छन् । यस लेखमा अवस्थीले सिग्द्याललाई प्रबन्ध कौशलको विशिष्ट प्रतिभा भएका नवपरिष्कारवादी शास्त्रीय कट्टरता, शास्त्रीय शैलीका प्रयोक्ता र शास्त्रीय

धाराका महाकाव्यकारका रूपमा चर्चा गरेका छन् । यस लेखमा सिग्द्यालले **आदर्शराघव** महाकाव्य रामराज्यसँग सम्बन्धित आख्यानात्मक विषयवस्तुको प्रयोग गरी रचना गर्नुका साथै उनले नेपाली महाकाव्य परम्परामा परिष्कारवादी धाराको प्रवर्तन गरी ऐतिहासिक योगदान गरेको कुराको बारेमा पनि अवस्थीले चर्चा गरेका छन् । अवस्थीले पूर्वीय संस्कृत महाकाव्य लक्षणको र खासगरी भारविद्वारा प्रवर्तित विचित्रमार्गी धाराको पूर्ण अनुशासन पालना गरिएको प्रथम महाकाव्य हो । यस महाकाव्यमा विलक्षणताको प्रदर्शन नै सोमनाथले गरेको महाकाव्यात्मक योगदान हो भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

# पाँचौं परिच्छेद

## सोमनाथ शर्मा सिग्द्यालसम्बन्धी शोध अध्ययनहरूको सर्वेक्षण

विभिन्न पत्रपत्रिकाहरू र पुस्तकारकार कृतिहरूमा सिग्द्यालसम्बन्धी अध्ययनहरू भएजस्तै शोधकार्यका रूपमा पनि सिग्द्यालसम्बन्धी विभिन्न अध्ययनहरू हुँदै आइरहेका छन् । यस्ता शोधकार्यहरू स्नातकोत्तरीय तहको प्रयोजनका लागि भएका छन् । यस परिच्छेदमा वि. सं. २०३२ देखि २०४९ सम्मका शोधकार्यलाई समेटिएको छ । यी शोधकार्यहरूमध्ये नरहरि आचार्यले सिग्द्यालका बारेमा गरेको शोधकार्य बृहत् र बढी महत्त्वपूर्ण रहेको छ । सर्वप्रथम यहाँ सिग्द्यालका बारेमा गरिएका अध्ययन परम्पराहरूलाई कालक्रमिक रूपमा तलको तालिकामा देखाइएको छ :

| क. सं. | लेखक | शीर्षक | प्रकाशक | साल |
|---|---|---|---|---|
| १ | प्रतापचन्द्र प्रधान | नेपाली कवितामा शृङ्गार मोतीरामदेखि सूक्तिसिन्धुसम्म | त्रि. वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र | २०३२ |
| २ | नरहरि आचार्य | पण्डितराज सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना | त्रि. वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र | २०३३ |
| ३ | बाबुराम अधिकारी | **आदर्शराघव**को तत्सम शब्दकोश | त्रि. वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र | २०४९ |

(क) प्रताप चन्द्र प्रधान, **नेपाली कवितामा शृङ्गार मोतीरामदेखि 'सूक्तिसिन्धु'सम्म**, स्नातकोत्तर अप्रकाशित शोधपत्र, नेपाली विभाग, त्रि. वि., कीर्तिपुर, २०३२ ।

'नेपाली कवितामा शृङ्गार मोतीरामदेखि सूक्तिसिन्धुसम्म' शीर्षकको स्नातकोत्तर तहको शोधपत्र प्रतापचन्द्र प्रधानद्वारा लेखिएको हो र जुन नेपाली केन्द्रीय विभाग, त्रि. वि. मातहतमा रही २०३२ सालमा पूरा भएको हो । यस शोधपत्रमा सिग्द्याललाई

सान्दर्भिक विषयका रूपमा चर्चा गरिएको छ । यस शोधपत्रमा प्रधानले विभिन्न पत्रपत्रिकामा सिग्द्यालको योगदान र उनका प्रमुख कृतिहरूका बारेमा सामान्य विवेचना गरेका छन् । यस शोधपत्रमा सिग्द्यालले **सुन्दरी** र **सूक्तिसिन्धु** पत्रिकामार्फत शृङ्गारिकताको प्रयोग र **आदर्शराघव** महाकाव्यमार्फत पूर्वीय काव्यशास्त्रको नियमलाई अँगालेको कुरा प्रधानले उल्लेख गरेका छन् । यस शोधपत्रमा सिग्द्यालका अन्य रसका कवितामा रोचकता, भावको सहजम्यता र पाठक एवम् सत्यबीचको सम्प्रेषणीयता दुर्बल भए तापनि यिनका फुटकर शृङ्गारिक रचनामा भने यिनी ज्यादै सरल कविका रूपमा देखा पर्दछन् भन्ने विचार प्रधानले व्यक्त गरेका छन् । यस शोधपत्रमा प्रधानले सिग्द्यालको नेपाली कविताको माध्यमिक कालको दोस्रो चरणमा शैली र अलङ्कारद्वारा शृङ्गारिक कवितालाई हुर्काउनमा **सुन्दरी** पत्रिकाका सञ्चालक तथा सम्पादकका रूपमा यिनको विशेष रहेको छ भनेर उल्लेख गरेका छन् । यस शोधपत्रमा प्रधानले दोस्रो चरणमा **सुन्दरी**का माध्यमबाट समस्यापूर्ति परम्परालाई जोगाउनमा पनि सिग्द्यालको विशेष भूमिका रहेको उल्लेख गरेका छन् । सिग्द्यालको **सुन्दरी** पत्रिकामा प्रकाशित समस्यापूर्ति र अन्य कविताहरूले दोस्रो चरणको कविताको बढ्दो सौन्दर्य चेतनाको आभास प्रदान गरेको कुराको पनि चर्चा गरेका छन् । यस शोधपत्रमा प्रधानले सिग्द्यालका **सूक्तिसिन्धु**अन्तर्गतका तीन कविताहरूमध्ये ‘प्रेमपथिक’, ‘बिजुलीको असर’, ‘दम्पत्तिको टक्कर’ बाट **आदर्शराघव** महाकाव्यको शैली र शिल्पको पूर्वाभ्यास झल्किनुका साथै उनका यी कविताहरूमा शब्दालङ्कार, श्लेष र अर्थालङ्कारको प्रयोग प्रशस्त भएको कुराको पनि उल्लेख गरेका छन् । प्रधानले कवि सोमनाथका कवितामा शृङ्गारिक भावको शिल्पमय परिमार्जन प्रशस्त मात्रामा पाइने कुरा यस शोधपत्रमा बताएका छन् ।

(२) नरहरि आचार्य, **पण्डित सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना**, पण्डितराज सोमनाथ शतवार्षिकी समारोह समिति, २०३३ ।

नरहरि आचार्यले ‘पण्डित सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना’ शीर्षकको स्नातकोत्तर तहको शोधपत्र लेखेका छन् । वि. सं. २०३३ सालमा स्नातकोत्तर

तहको शोधप्रयोजनका लागि नरहरि आचार्यले 'नेपाली साहित्यमा सोमनाथ सिग्द्यालको योगदान' शीर्षकमा शोधकार्य गरी पण्डितराज सोमनाथको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण गर्दै नयाँ र महत्त्वपूर्ण तथ्यहरूको खोजी गरेका छन् । सिग्द्यालका बारेमा गरिएका शोधपत्रमध्ये यो शोधपत्र सबैभन्दा महत्त्वपूर्ण र चर्चित रहेको कुरा आचार्यले उल्लेख गरेका छन् । यस शोधपत्रमा आचार्यले सिग्द्यालको बहुमुखी विद्वत्ता र वाङ्मय साधनाको मूल्याङ्कन गरेका छन् । यस लेखमा आचार्यले सिग्द्यालको **चन्द्रचरित** महाकाव्य (लेखनकाल १९७६-८६) को उत्तरार्धको पाण्डुलिपिको अन्वेषण गरी उक्त शोधकार्यको माध्यमबाट नेपाली साहित्यलाई एक महत्त्वपूर्ण उपहार प्रदान गर्नुका साथै उनको अध्ययनको ठोस आधारशिला बसालेका छन् । यस शोधपत्रमा सिग्द्यालका सम्बन्धमा गरिएका शोध-समालोचनामध्ये सर्वाधिक विस्तृत र प्रामाणिक शोधकार्य यसैलाई मान्न सकिन्छ भनेर आचार्यले यस शोधपत्रमा उल्लेख गरेका छन् । यस शोधकार्यमा आचार्यले नेपाली साहित्यको शोध-समालोचनाको वस्तुगत र गहन विश्लेषणका साथै उनको **आदर्शराघव** महाकाव्यको महत्त्वलाई राम्ररी चिनाउने खालको शोधग्रन्थ हो भनेर आचार्यले बताएका छन् । दुई खण्डमा विभाजित यो शोधपत्रको प्रत्येक खण्डलाई तीन-तीन परिच्छेद वर्गीकरण गरी जम्मा ६ परिच्छेदमा र एक परिशिष्ट समेत समावेश गरी अध्ययन गरिएको छ । यस शोधपत्रको पहिलो खण्डको पहिलो परिच्छेदले सोमनाथको जीवनवृत्तलाई केलाउँदै उनको बहुमुखी प्राज्ञिक व्यक्तित्वको विश्लेषण छ भने दोस्रो र तेस्रो परिच्छेदमा नेपाली वाङ्मयका व्याकरण, दर्शन र साहित्य शास्त्र जस्ता विशिष्ट फाँटमा सोमनाथको योगदानको उल्लेख गरी सोमनाथको संस्कृतग्रन्थ र काव्यकृतिहरूको समेत सङ्क्षिप्त रूपमा आचार्यले चर्चा गरेका छन् । आचार्यले यस शोधपत्रको दोस्रो खण्डको पहिलो परिच्छेदमा सोमनाथका कवितायात्राको चरण विभाजन र चरणगत प्रवृत्तिहरूको निरूपण गर्दै चन्द्रचरित महाकाव्य र **आदर्शराघव** महाकाव्यलाई उनको कवित्वको सर्वोपरि प्राप्ति ठहऱ्याएका छन् । यस शोधपत्रको दोस्रो परिच्छेदमा नेपाली महाकाव्य परम्पराको सापेक्षतामा **आदर्शराघव** महकाव्यका वैशिष्ट्यहरूको निरूपण छ साथै तेस्रो र अन्तिम परिच्छेद

सोमनाथका काव्यप्रवृत्तिहरूको निरूपणका पृष्ठभूमिमा उनको कवित्वको मूल्याङ्कन गरिएको छ । आचार्यले यस शोधपत्रको परिशिष्ट खण्डमा सोमनाथका प्रकाशित तर हाल दुर्लभ कविताकृति र अप्रकाशित **चन्द्रचरित** महाकाव्यलगायतको नमुना प्रस्तुत गरेका छन् । आचार्यले यस शोधपत्रको निष्कर्षमा सोमनाथको जीवनी र बहुमुखी, प्राज्ञिक, व्यक्तित्व, कृतित्व एवम् कृतित्वको विवेचनाका साथै खासगरी उनको महाकाव्य साधनाको गहन अध्ययन र मूल्याङ्कन प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् । आचार्यले यो शोधपत्र नेपाली साहित्यका अध्येताहरूका निम्ति अत्यन्त उपयोगी र महत्त्वपूर्ण रूपमा देखा परेको कुराको पनि व्याख्या गरेका छन् ।

(३) बाबुराम अधिकारी, **आदर्शराघवको तत्सम शब्दकोश**, नेपाली केन्द्रीय विभाग, त्रि. वि., कीर्तिपुर, २०४९ ।

बाबुराम अधिकारीले **आदर्शराघव तत्सम शब्दकोश** शीर्षकको शोधपत्र नेपाली केन्द्रीय विभाग, त्रि. वि. को मातहतमा रही वि. सं. २०४४ सालमा तयार पारेका हुन् । यस शोधपत्रमा अधिकारीले **आदर्शराघव** महाकाव्यमा प्रयुक्त तत्सम शब्दलाई वर्णानुक्रम रूपमा राख्नुका साथै शब्दलाई शब्दपत्ती अथवा इन्डेक्स कार्ड बनाएर ती शब्दहरू क्रमैसँग राखिएको कुरा उल्लेख गरेका छन् । सिग्द्यालले **आदर्शराघव** महाकाव्यको संस्कृत तत्सम शब्दहरूको अध्ययन गर्दा टिप्पणीमा दिइएका शब्दहरूलाई यस शोधपत्रमा अधिकारीले जस्ताको तस्तै राखेको कुरा बताएका छन् । यस शोधपत्रमा अधिकारीले **आदर्शराघव** महाकाव्यमा अर्थ नभएका शब्दहरूका अर्थका निम्ति वामन, शिवराम, आप्टे जस्ता विद्वान्को संस्कृत, हिन्दी कोश र नेपाली बृहत् शब्दकोश २०४० बाट सहयोग लिएर यो शोधपत्र तयार पारेको कुराको उल्लेख गरेका छन् । यस शोधपत्रमा संस्कृत भाषाका विद्वान् सिग्द्यालको **आदर्शराघव** महाकाव्यको शब्दार्थ लेख्नु नै यस शोधपत्रको महत्त्व रहेको छ । यस शोधपत्रमा **आदर्शराघव** महाकाव्यमा प्रयोग भएका संस्कृतका शब्दहरू संस्कृतको मूलबाट यथावत् रूपमा ल्याएर राखेका तत्सम शब्द मात्र अध्ययन गरिएको छ । यस शोधपत्रमा अधिकारीले **आदर्शराघव**मा प्रयोग भएका तत्सम शब्दहरूलाई शब्द वर्णानुक्रम दिएर कुन शब्द कुन श्लोकमा के अर्थमा

प्रयोग भएको छ भन्ने कुरा समेत उल्लेख छ । **आदर्शराघव**को तत्सम शब्दार्थ अध्ययन नै यस शोधपत्रको अध्ययन क्षेत्र हो भन्ने बारेमा पनि उल्लेख गरेका छन् । यस शोधपत्रमा संस्कृतका मूल शब्दमा नेपाली प्रत्यय लागेर आएका परितापीयन र महागानाजस्ता शब्दको प्रयोग भएको कुरा पनि अधिकारीले चर्चा गरेका छन् । यस शोधपत्रमा संस्कृत तत्सम शब्दमा नेपाली शब्द लागेर समास भई अर्थ दिने 'कीर्तिगुण-गान' शब्द र सम्बोधनका रूपमा प्रयोग भएका 'निधे' र 'परमाधिपते' शब्दहरूको अर्थमा पाठकहरू नअल्मलिनका लागि यस्ता शब्दहरू प्रयोग गरिएको हो भनेर अधिकारीले चर्चा गरेका छन् । यस शोधपत्रमा **आदर्शराघव** महाकाव्यमा प्रयुक्त तत्सम शब्दहरूलाई वर्णानुक्रममा राखिएको छ साथै शब्दलाई राख्दा शब्दपत्ती वा इन्डेक्स कार्ड बनाएर राखिएको बारेमा पनि अधिकारीले उल्लेख गरेका छन् । यस शोधपत्रमा परिष्कृत र परिमार्जित रूपमा लेखिएको **आदर्शराघव** महाकाव्य संस्कृत तत्सम शब्दको अनुपात र क्लिष्टताका दृष्टिले सबैभन्दा महत्त्वपूर्ण छ भन्ने निष्कर्ष अधिकारीले प्रस्तुत गरेका छन् ।

# छैटौँ परिच्छेद

## निष्कर्ष

सोमनाथ सिग्द्याल (वि. सं. १९४१-२०२९) ले नेपाली तथा संस्कृत वाङ्मयका विविध क्षेत्रमा विशिष्ट, बौद्धिक तथा सृजनात्मक योगदान गरेका छन् । सिग्द्यालको जीवनी, व्यक्तित्व र कृतित्व एवम् वाङ्मयका क्षेत्रमा दिएका योगदानहरूको सङ्क्षिप्त रेखाङ्कन गर्दै सिग्द्यालसम्बन्धी हालसम्म लेखका स्तरमा, पुस्तकाकार कृतिका स्तरमा र र शोधकार्यका रूपमा भएका अध्ययनहरू यस शोधपत्रमा प्रस्तुत गरिएको छ । जम्मा ६ परिच्छेदमा संरचित प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय राखिएको छ । यस परिच्छेदमा प्रस्तुत शोधकार्यको परिचय दिइएको छ । यस क्रममा शोधको परिचय, समस्याकथन, उद्देश्य, औचित्य, सीमाङ्कन, शोधविधि र शोधको रूपरेखाका बारेमा विवचेना गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा सोमनाथ सिग्द्यालको जीवनवृत्त प्रस्तुत गरिएको छ । सोमनाथका जन्म र पारिवारिक स्थिति, शिक्षा-दीक्षा, अध्ययन कार्य, भाषा तथा साहित्यसेवा र सार्वजनिक कार्य, उनले नेपाली साहित्यका क्षेत्रमा योगदान दिएवापत् प्राप्त मानसम्मान तथा पुस्तकाकार बारेमा उल्लेख गरिएको छ । सिग्द्यालले नेपाली साहित्य र वाङ्मयका क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्दागर्दै वि. सं. २०२९ आश्विन २८ गते काशीमा स्वर्गवास भएको कुरा समेत यस परिच्छेदमा प्रस्तुत गरिएको छ । यस शोधपत्रमा सोमनाथको व्यक्तित्व निर्माणको स्वरूप, लेखकीय र साहित्यिक व्यक्तित्वको चर्चा गर्दै उनले आफ्नो जीवनको आधा शताब्दी वा लामो अवधि अध्यापन कार्यमा बिताएको कुराको चर्चा गरिएको छ । धर्मशास्त्र र कर्मकाण्ड आदि विषयको गहिरो अध्ययनबाट निर्मित सोमनाथको पण्डित-पुरोहित व्यक्तित्वको सिङ्गो सोमनाथीय व्यक्तित्वको उल्लेखनीय पक्ष हो साथै नेपाली र संस्कृत वाङ्मयका साहित्यिक र साहित्येतर दुवै क्षेत्रमा पर्याप्त मात्रामा देखापरेको विद्वत्ताले गर्दा उनी नेपाली वाङ्मयका विशिष्ट विद्वान्का रूपमा स्थापित र प्रतिष्ठित छन् । यस परिच्छेदमा

सोमनाथको साहित्यिक व्यक्तित्वलाई स्रष्टा र द्रष्टा व्यक्तित्वका रूपमा अध्ययन गर्दै उनका **सुन्दरी** (२०६३) को प्रकाशनदेखि **सूक्तिसिन्धु** (१९७४) सम्म देखापरेको शृङ्गारिकताको बारेमा अध्ययन गरिएको छ । शिल्प र पाण्डित्यद्वारा परिष्कृत काव्यशैलीतिर प्रवृत्त भई उनले नेपाली काव्य परम्परामा मौलिक महाकाव्य पनि दिएका छन् । यसका निम्ति पूर्वअध्येताहरूले प्रस्तुत गरेका सामग्रीहरूलाई आधार बनाइएको छ ।

प्रस्तुत शोधकार्यको तेस्रो परिच्छेदमा सोमनाथ सिग्द्यालसम्बन्धी लेखका स्तरमा पत्रपत्रिकामा प्रकाशित अध्ययनहरूको सर्वेक्षण कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ । यस परिच्छेदमा सोमनाथ सिग्द्यालका बारेमा अध्ययन गर्ने क्रममा सर्वप्रथम हंसपुरे सुवेदीले वि. सं. २०१९ मा पण्डितराज सोमनाथज्यू र वहाँको महाकाव्य शीर्षकको लेख मधुपर्कमा प्रकाशित गरिएको कुराको चर्चा गरिएको छ । लेखका स्तरमा पत्रपत्रिकामा अध्ययन गर्ने क्रममा सबैभन्दा बढी अध्ययन ताराप्रसाद जोशीले गरेका छन् भने उनको चर्चित महाकाव्य **आदर्शराघव**मा बढी अध्ययनहरू भएको साथै **पूर्णिमा** पत्रिकामा सिग्द्यालका बारेमा सबैभन्दा बढी अध्ययनहरू भएको छ । यस परिच्छेदमा विभिन्न विद्वान्हरूले सिग्द्यालको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा दैनिक, मासिक र वार्षिक पत्रिकामा प्रकाशित समालोचनात्मक लेखहरूको कालक्रमिक विवरण प्रस्तुत गरिएको छ । यस परिच्छेदमा नेपालको सबैभन्दा जेठो दैनिक पत्रिका **गोरखापत्र**मा पनि सिग्द्यालको मृत्युपछि वाङ्मयका विशिष्ट विद्वान् सोमनाथका बारेमा धेरै लेखकहरूले उनीसँग सम्बन्धित लेख र समाचारहरू प्रकाशित गरेको कुराको चर्चा गरिएको छ । यस परिच्छेदमा चर्चा गरिएका केही लेखहरूमा विशेषगरी सिग्द्याललाई व्याकरणकार, रसवादी कवि, महाकाव्यकारका रूपमा उल्लेख गर्दै उनको समग्र साहित्यिक जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा समेत चर्चा गरिएको छ । यसमध्य हंसपुरे सुवेदी, ताराप्रसाद जोशी, वासुदेव त्रिपाठी, केशवप्रसाद उपाध्याय, राममणि ढुङ्गाना र रामचन्द्र भट्टलगायतका विशिष्ट विद्वान्हरूले **आदर्शराघव** महाकाव्यका विविध पक्षमाथि प्रकाश पारेको कुरा चर्चा गरिएको छ भने नयराज पन्तले सिग्द्यालको पाण्डित्य र

विद्वत् व्यक्तित्वप्रति विश्लेषण गर्दै उनको **प्रतिसंस्कृतासिद्धान्त कौमुदी**का विषयमा विदेशी विद्वान्हरूले विचार व्यक्त गरेको कुराको समेत यस परिच्छेदमा चर्चा गरिएको छ । यस परिच्छेदमा सुकुम शर्माले सोमनाथलाई व्याकरणकारका रूपमा चर्चा गर्दै उनको **मध्यचन्द्रिका**का बारेमा समेत चर्चा गरेको कुराको विश्लेषण गरिएको छ । यस्तै दैवज्ञराज न्यौपानेले सिग्द्याललाई रसवादी कविका रूपमा चर्चा गरेको कुरा उल्लेख गरिएको छ । यी लेखहरूमा सिग्द्याललाई शास्त्रीयतावादी धाराका प्रखर स्रष्टाका रूपमा चर्चा गर्दै उनी शिल्पवादी कवि भएको निष्कर्ष प्रस्तुत गरिएको छ । यसैगरी सोमनाथका **आदर्शराघव** पूर्वीय काव्यलक्षणशास्त्रको मर्यादा पालना गरी नेपालीमा लेखिएको अभूतपूर्व महाकाव्य हो भन्ने निष्कर्ष समेत लेखका स्तरमा भएका ती अध्ययनहरूल प्रस्तुत गरेका छन् ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा सोमनाथ सिग्द्यालसम्बन्धी पुस्तकाकार कृतिका रूपमा भएका अध्ययनहरूको सर्वेक्षण कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ । यस परिच्छेदमा सिग्द्यालका बारेमा पुस्तकाकार कृतिका रूपमा भएका अध्ययन गर्ने क्रममा सर्वप्रथम ऋषभदेव शर्माले आफ्नो **काव्यमञ्जरी** नामक लघुकृतिमा नवरस, काव्यका गुण, रीति र अलङ्कारलाई चिनाउने क्रममा सोमनाथका कविता काव्यलाई उदाहरणका रूपमा प्रस्तुत गरेका छन् । सोमनाथमा केन्द्रित पुस्तकाकार कृति ताराप्रसाद जोशीको **आदर्शराघवका शास्त्रीय विवेचना** (२०२७) हो र उनीपछि नरहरि आचार्यको **पण्डितराज सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना** (२०४१) नामक पुस्तक प्रकाशनमा आएका देखिन्छन् । **आदर्शराघवको शास्त्रीय विवेचना** नामक पुस्तकमा जोशीले **आदर्शराघव**लाई नेपाली महाकाव्य परम्पराको महत्त्वपूर्ण कृतिका रूपमा उल्लेख गर्दै उनको काव्यकलाको पहिचान र महाकाव्यकारिताको मूल्याङ्कन गरेका छन् । यसैगरी **पण्डितराज सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना** नामक पुस्तकमा लेखक नरहरि आचार्यले सोमनाथको जीवनी र बहुमुखी प्राज्ञिक व्यक्तित्व एवम् कृतित्वको विवेचना गर्दै खासगरी उनको महाकाव्य साधनाको गहन अध्ययन प्रस्तुत गरेका छन् । यसैगरी उनले पूर्वीय काव्यशास्त्रमा निर्धारण गरिएको महाकाव्य

लक्षणको शास्त्रीय नमुनाका रूपमा **आदर्शराघव**को स्थान उत्कृष्ट रहेको निष्कर्ष प्रस्तुत गरेका छन् । यस्तै प्रकारले वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशवराज सुवेदीले सोमनाथको सान्दर्भिक रूपमा चर्चा गर्दै **आदर्शराघव**को पाण्डित्य र काव्यकला प्रदर्शनको क्रममा आख्यानीकृत बृहत् कवितारूपको शक्ति कुण्ठित भएको कुराको चर्चा गरिएको छ । राजेन्द्र सुवेदीले पनि यस परिच्छेदमा जीवनी, व्यक्तित्व र कृतित्वका रूपमा गर्दै उनको समालोचकीय व्यक्तित्वको समेत चर्चा गरेको कुरा उल्लेख गरिएको छ । यस्तै रजनी ढकालले पनि सिग्द्याललाई विशिष्ट समालोचकका रूपमा स्थापित गरेकी छन् । यसैगरी महादेव अवस्थीले सिग्द्याललाई महाकाव्यकारका रूपमा प्रस्तुत गर्दै उनको साहित्ययात्रा, प्रवृत्ति र योगदानका बारेमा चर्चा गरेको कुरा उल्लेख गरिएको छ । यस परिच्छेदमा समालोचक रिसालले सिग्द्याललाई महाकाव्यकारका रूपमा चर्चा गर्दै नेपाली काव्यमा महाकाव्यको पूर्वीय नमुना प्रस्तुत गरेका छन् । सिग्द्यालले नेपाली र संस्कृत भाषाको उल्लेखनीय प्रगति गरेको कुरा व्यक्त गरेका छन् । साथै नेपाली काव्य र कविहरूलाई विषय बनाई नेपाली काव्यमा संस्कृत काव्यपरम्पराको प्रभाव गरेको कुरा समेत उल्लेख गरिएको छ । यसैगरी घट्टराज भट्टराईले **संस्कृतका अमर साहित्यकार** र हंसपुरे सुवेदीले **संस्कृत वाङ्मयमा संक्षिप्त अध्ययन** नामक पुस्तकमा पण्डितराज सोमनाथको जीवनी, व्यक्तित्व र कृतित्वको चर्चा गर्दै उनका साहित्यिक यात्रा, प्रवृत्ति र योगदानको अध्ययन गर्दै उनी एक बहुमुखी प्रतिभाशाली साहित्यिक व्यक्तित्व भएको निष्कर्ष प्रस्तुत गरेका छन् ।

यस शोधपत्रको पाँचौं परिच्छेदमा सिग्द्यालसम्बन्धी शोध अध्ययनहरूको कालक्रमिक सर्वेक्षण प्रस्तुत गरिएको छ । यस परिच्छेदमा सोमनाथका बारेमा स्नातकोत्तरीय तहको प्रयोजनका लागि विभिन्न शोधकार्यहरू भएका छन् । यस परिच्छेदमा वि. सं. २०३३ देखि २०४९ सम्मका शोधकार्यको सूची दिइएको छ र त्यस्ता शोधकार्यमध्ये नरहरि आचार्यको **पण्डितराज सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना** शीर्षकको शोधकार्य बृहत्तर  र बढी महत्त्वपूर्ण रहेको चर्चा गरिएको छ । यस शोधपत्रमा सोमनाथको जीवनी, बहुमुखी प्राज्ञिक व्यक्तित्व, कृतित्व एवम्

कृतित्वको विवेचना र उनको महाकाव्य साधनाको गहन अध्ययन र मूल्याङ्कन गरिएका छ । यस परिच्छेदमा शोधकार्यको सूची कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ । बाबुराम अधिकारीको **आदर्शराघवको तत्सम शब्दकोश** शीर्षकको शोधपत्रमा सिग्द्यालले **आदर्शराघव** महाकाव्यमा प्रयोग गरेका जटिल तत्सम शब्दको अर्थ बुझाउने प्रयास गर्दै नेपाली शब्दार्थ दिने प्रयास गरिएको छ । खास गरी शोधपत्रमा सोमनाथले प्रयोग गरेका शब्दार्थलाई नै राखिएको छ ।

समग्रमा भन्नुपर्दा सोमनाथ सिग्द्याल नेपाली वाङ्मय जगत्का एक महान् व्यक्तित्व हुन् र उनले नेपाली साहित्यका विविध विधामा कलम चलाएर आफ्नो प्राज्ञिक परिचय दिएका छन् । सिग्द्याल नेपाली विद्वत् समाजमा आफ्नो बुहुमुखी प्रतिभाको चिनारी दिँदै विशिष्ट व्यक्तित्व कायम गर्न सफल भएका छन् । उनको यो प्रतिभा र क्षमता नेपाली हृदयमा मात्र नभई भारतमा पनि प्रंशसित थिए भन्ने बारेमा यस शोधपत्रमा प्रस्तुत गरिएको छ । सिग्द्यालका बारेमा नेपाली वाङ्मय र सिर्जनात्मक क्षेत्रमा धेरै अध्ययनहरूका साथै उनको बहुमुखी व्यक्तित्वको चर्चा गरिएको छ । तर उनको साहित्यिक व्यक्तित्वका बारेमा जेजति चर्चा भयो उनको वाङ्मय, व्याकरण र भाषाका क्षेत्रलाई उजिल्याउने प्रयास भने नेपाली विद्वान्हरूबाट भएको देखिँदैन भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

# सन्दर्भसामग्री सूची


अधिकारी, बाबुराम, (२०४९), **आदर्शराघवको तत्सम शब्दकोश**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

अवस्थी, महादेव, (२०६४), **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्यको विमर्श**, काठमाडौँ : इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

आचार्य, नरहरि, (२०३३), **पण्डितराज सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना**, स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

..................., (२०४१), **पण्डितराज सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना**, काठमाडौँ : पण्डितराज सोमनाथ शतवार्षिकी समारोह समिति ।

उपाध्याय, केशवप्रसाद, (२०५६), 'परिष्कारवादी महकाव्य **आदर्शराघव**को अन्तर्निरीक्षण', **गरिमा**, (वर्ष १७, अङ्क ६), पृ. १३-१७

खनाल, यदुनाथ, (२०३१), 'पण्डितराज सोमनाथ सिग्द्याललाई फर्केर हेर्दा', **मधुपर्क**, (वर्ष ७, अङ्क ६), पृ. ९९-१०९ ।

जोशी, ताराप्रसाद, (सन् १९६९, वि. सं. २०२६), 'पण्डितराज सोमनाथ सिग्द्याल केही चर्चा र मूल्याङ्कन', **जर्नल अफ द युनिभर्सिटी**, (वर्ष १६, अङ्क २), पृ. १-१४ ।

.................., (२०२७), **आदर्शराघवको शास्त्रीय विवेचना**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

..................., (सन् १९७१, वि. सं. २०२८), 'चरित्रचित्रण र आदर्शराघव', **जर्नल अफ द युनिभर्सिटी**, (वर्ष ६, अङ्क २), पृ. १५-२८ ।

ढकाल, रजनी, (२०५८), **केही नेपाली समालोचकहरू**, काठमाडौँ : असीम प्रकाशन ।

ढुङ्गाना, राममणि, (२०६०), 'कवि सोमनाथ सिग्द्याल र उनको आदर्शराघवको शल्यक्रिया', **शार्दूल**, (वर्ष १, अङ्क १), पृ. ८१-८९ ।

त्रिपाठी, वासुदेव, (२०२७), **नेपाली कविताको सिंहावलोकन**, काठमाडौँ : साझा प्रकाशन ।

..................., (२०२७), 'महाकाव्य पुरानो विधा', **प्रज्ञा**, (वर्ष १, अङ्क २), पृ. १०६-१०७ ।

त्रिपाठी, वासुदेव अन्य, (२०४६), **नेपाली कविता भाग-४**, काठमाडौँ : साझा प्रकाशन ।

न्यौपाने, दैवज्ञराज, (२०५३/०५४), 'रसवादी कविका रूपमा सोमनाथ सिग्द्याल', **वाङ्मय**, (वर्ष १३, अङ्क ७), पृ. ६६-७५ ।

पन्त, नयराज, (२०२९), 'श्री ५ महाराजाधिराज महेन्द्रवीर विक्रम शाहदेवको स्वर्गारोहण', **पूर्णिमा**, (वर्ष १, अङ्क ७), पृ. ११५-११८ ।

.................., (२०२९), पूर्णाङ्क २८ का सबै लेखहरू, **पूर्णिमा**, (वर्ष ७, अङ्क ४), पृ. १९१-२५९ ।

पाण्डे, रुद्रराज, (२०२९), 'केही विद्वान्हरूको सम्झनामा', **गोरखापत्र**, (वर्ष ७२, अङ्क २९७), पृ. ५ ।

पौडेल, रामचन्द्र, (२०२०), पण्डितराज श्री सोमनाथ सिग्द्यालज्यूको संक्षिप्त जीवनी', **मर्यादा**, (वर्ष २, अङ्क १), पृ. ५९-७४ ।

प्रधान, प्रतापचन्द्र, (२०३२), **नेपाली कवितामा शृङ्गार मोतीरामदेखि सूक्तिसिन्धुसम्म**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौँ ।

भट्ट, रामचन्द्र, (२०६०), 'नेपाली महाकाव्य **आदर्शराघव**का प्रवृत्ति र प्राप्ति', **कुञ्जिनी**, (वर्ष ११, अङ्क ८), पृ. १८-२० ।

भट्टराई, घटराज, (२०३४), **संस्कृतका अमर साहित्यकार**, काठमाडौँ : साझा प्रकाशन ।

रासस, (२०२९), 'पण्डितराजको स्वर्गवास', **गोरखापत्र**, (वर्ष ७२, अङ्क २९७), पृ. १ ।

रिसाल, राममणि, (२०३१), **नेपाली कवि र काव्य**, काठमाडौँ : साझा प्रकाशन ।

सम्पादकीय, (२०२९), 'अपूरणीय क्षति', **गोरखापत्र**, (वर्ष ७३, अङ्क १६६), पृ. ४ ।

सुवेदी, राजेन्द्र, (२०६१) 'सोमनाथ सिग्द्याल (१९४१-२०२९)', **समालोचना परम्परा र प्रवृत्ति**, काठमाडौँ : पाठ्यसामग्री पसल, पृ. १४२-१४३ ।

सुवेदी, हंसपुरे, (२०१९), 'पण्डितराज सोमनाथज्यू र वहाँको महाकाव्य', **मधुपर्क**, (वर्ष ५, अङ्क ६), पृ. १५-२१ ।

सुवेदी, तीर्थराज र सुवदी, हंसपुरे, (२०३७), **संस्कृत वाङ्मय संक्षिप्त अध्ययन**, पाठ्यक्रम विकास केन्द्र, त्रि. वि., काठमाडौँ ।